## अध्याय एक

### १.१ विषय परिचय

नेपाली साहित्यका विविध विधाहरू मध्ये कविता नाटक, लघुकथा, बालकथा संस्मरण, निबन्ध, समीक्षा समालोचना आदि विधामा कलम चलाए तापनि मूलतः नेपाली समालोचक र बालसाहित्यकारका रूपमा सशक्त रूपले स्थापित प्रतिभा ज्ञाननिष्ठ ज्ञवाली हुन् । समालोचनासँगै नेपाली साहित्यका अन्य विधामा पनि उनको योगदान उल्लेखनीय छ । वि.सं. २०३१ मा पिता डिल्लीराज ज्ञवाली र माता इन्दिरा ज्ञवालीका कोखबाट पाँचौ सन्तानका रूपमा ज्ञाननिष्ठ ज्ञवालीको जन्म भएको हो । रुरु. गा.वि.स. ३ थोर्गा, च्युरेक गुल्मीमा जन्मेका ज्ञवालीको हालको बसोबास काठमाडौं पुरानो बानेश्वरमा रहेको छ ।

सबै मानिसहरूसँग कुनै न कुनै प्रतिभा हुन्छ, यसलाई बाहिर ल्याउने क्षमता भने सबैमा हुँदैन । आफूसँग भएको प्रतिभालाई सबको सामु ल्याउन जुन परिश्रम आवश्यक पर्छ त्यो पनि जो कोहीले गर्न सक्दैन । त्यस्तै आफूसँग भएको प्रतिभालाई सबैको सामु ल्याउने सक्ने ज्ञवालीलाई साहित्य लेखनमा प्रेरणा दिने काम भने काठमाडौंको बसाइमा विभिन्न साहित्यकारहरूका रचनाको आस्वादन पछि भएको हो । तिनै विभिन्न प्रेरणा पाएर ज्ञवालीले आफूसँग लुकेर रहेको साहित्यिक प्रतिभालाई उजागर गरे । औपचारिक रूपमा वि.सं. २०५६ सालमा जन्मभूमिको सम्झना “युग” संवाद साप्ताहिक पत्रिकामा प्रकाशित भएबाट उनको साहित्यिक यात्रा सुरु भएको हो । त्यसपछि समीक्षा मालोचनाको क्षेत्रमा सक्रिय ज्ञवालीको प्रथम पुस्तककार कृति आख्यानकार विश्वेश्वर प्रसाद कोइराला (२०६१) हो । त्यसपछि भूमिका सिद्धान्त र ज्ञवालीका भूमिका (२०६३), समालोचना पुष्प (२०७१), बालसाहित्य कृतिमा किम्बुको मसी (२०६२) (दोस्रो सं. २०७०), जनावरको सभा (२०६२), अग्रंजी अनुवाद सहित छैटौ संस्मरण (२०७१), सफल जीवन (२०६४), विशाल र रीताको सफलता (२०६८), रुम टु रीडबाट पन्ध्र ओटा बाल पाठ्य सामग्री संयुक्त लेखन (२०६०), खरायोको पोका (२०६०), हजुरआमा र नाति नतिना (२०७१), रमाउँदै पढौं (२०७१), निबन्ध संग्रहमा लोकतन्त्रको स्वाद (२०६७) हुन् । दुई दर्जन भन्दा बढी फुटकर कविताहरू पत्रपत्रिकामा प्रकााशित छन् । सम्पादित कृतिहरूमा गुल्मी परिचय (२०६२), धौलाश्री युगवाणी (२०६२), ज्ञवाली स्मारिका (२०६७), डा. हरिभक्त नेउपाने अभिनन्दन ग्रन्थ (२०८७), मेरो बाहुनडाँडा

गीति काव्य (२०७२) भावनाका झुल्काहरू, कविता सङ्ग्रह (२०७३) लगायत अन्य कृतिहरू प्रकाशित छन् । समालोचनात्मक कृतिको प्रकाशन सँगसँगै उनको अन्य विधामा लेखन र सम्पादन भएको पाइन्छ । अनिवार्य नेपाली अभ्यास पुस्तक, कक्षा ८ (२०६५), अनिवार्य नेपाली पुस्तक कक्षा ९ (२०६५), अनिवार्य नेपाली अभ्यास पुस्तक कक्षा १० (२०६५), अनिवार्या नेपाली १०+२ (२०६६) पुस्तकहरू प्रकाशित छन् ।

ज्ञाननिष्ठ ज्ञवालीको समीक्षा समालोचना लेखनमा गुणग्राहिता पाइन्छ । यिनै विविधताभित्र रहेका ज्ञाननिष्ठ ज्ञवालीको समग्र मूल्याङ्कन गर्ने र निजको साहित्यिक योगदानलाई सिङ्गो नेपाली साहित्यमा जोड्ने प्रयास यस शोधकार्यमा गरिएको हो ।

## १.२ शोध समस्या

ज्ञाननिष्ठ ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको शोधमा निम्न लिखित समस्याहरू रहेका छन् ।

क. ज्ञाननिष्ठ ज्ञवालीको जीवनी के कस्तो रहेको छ ?

ख. ज्ञाननिष्ठ ज्ञवालीको व्यक्तित्व के कस्तो छ ?

ग. ज्ञाननिष्ठ ज्ञवालीका कृतिहरू के कस्ता छन् ?

घ. नेपाली साहित्यको क्षेत्रमा ज्ञाननिष्ठ ज्ञवालीको योगदान कस्तो रहेको छ ?

माथि उल्लेखित समस्याहरूमा यो शोध केन्द्रित रहको छ ।

## १.३ शोधको उद्देश्य

यस शोध कार्यका उद्देश्य निम्न रहेका छन् ?

क. ज्ञाननिष्ठ ज्ञवालीको जीवनीको अध्ययन गर्नु ।

ख. ज्ञाननिष्ठ ज्ञवालीको व्यक्तित्वको अध्ययन गर्नु ।

ग. ज्ञाननिष्ठ ज्ञवालीको कृतित्वको अध्ययन गर्नु ।

घ. नेपाली साहित्यको क्षेत्रमा ज्ञाननिष्ठ ज्ञवालीले पुऱ्याउनुभएको योगदानको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

ज्ञाननिष्ठ ज्ञवालीको जीवनी, व्यक्तित्व, कृतित्वको सम्बन्धमा विभिन्न पुस्तक तथा पत्रपत्रिकामा टिकाटिप्पणी भएपनि व्यवस्थित र वैज्ञानिक रूपले ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको विषयमा विस्तृत अध्ययन नभएको हुँदा प्रस्तुत शोधकार्य अगाडि बढाउने उद्देश्य लिइएको छ । ज्ञाननिष्ठ ज्ञवालीका विषयमा गरिएका केही पुस्तक तथा पत्रपत्रिकामा प्रकाशित लेखक तथा समालोचकबाट भएका टिकाटिप्पणीको सार तल प्रस्तुत गरिएको छ :

नागरिक जुनकिरी, शनिवार १४ चैत २०७१ पृ.वे मा ‘रमाउँदै पढौं’ कथामा पुस्तक साना साथीहरूलाई ‘क’ देखि ‘ज्ञ’ सम्मका वर्ण सिक्न सहयोगी हुने देखिन्छ । साथै यसले अनुकरणात्मक शब्दहरू सिक्ने अवसर पनि जुटाइदिएको छ । साना साथीहरूलाई अभिभावकले सुनाएर पढाउँदा वेस हुन्छ भनी कथाको विश्लेषण गरेको पाइन्छ ।

अन्नपूर्ण पोष्ट, शनिबारे परिशिष्टाङ्क फुर्सद पृ. २, २६ असार २०६७, बाङ्मयमा लोकतन्त्रको स्वाद निबन्धमा लोकतन्त्रको स्वादमा मानवीय प्रवृति, प्रशासनिक संस्कृतिक, सामाीजक, आर्थिक, विसङ्गतिलाई व्यग्य गर्ने प्रयास गरेका छन् । त्यसमध्ये अधिकांश व्यङ्ग शिक्षा, शैक्षिक प्रणाली र साहित्यमा केन्द्रित छन् । सामाजिक विसङ्गतिको प्रमुख जड राजनीतिक विषयवस्तुमा भने व्यङ्ग पाइदैन । समग्रमा सरल भाषामा छोटा निबन्धहरू संग्रहीत पुस्तक पठनीय नै छ भनी वक्त गरिएको पाइन्छ ।

गरिमा, असोज २०६७, वर्ष २८ अङ्क १०, पूर्णाङ्क ३३४ पृष्ठ ११५-११६ लोकतन्त्रको स्वाद निबन्धमा हास्यव्यङ्गको क्षेत्रमा कलम चलाउनु निकै चुनौतिपूर्ण हुन्छ । अनेकौं अप्ठ्याराका कारण क्षमता हुँदाहुँदै पनि सबैले हास्यव्यङ्ग्यमा हात हाल्ने हिम्मत गर्दैनन् । प्रस्तुत कृतिका लेखकले निकै ठूलो साहस बटुलेर यो क्षेत्र चयन गरेका छन् । यिनको यस साहसको सह्राना गर्नैपर्छ भनी बताएको पाइन्छ ।

‘सचेत नेपाल’ मासिक, २०६१ चैत वर्ष २ अङ्क १ पृष्ठ २६ मा ‘आख्यानकार विश्वेश्वर प्रसाद कोइराला’ समालोचनामा सुधा ओझाले पुस्तकलाई सरसर्ती पढ्दा भाषाको राम्रो प्रवाह भएको अनुभूति हुन्छ भनेकी छन् । विश्वेश्वर प्रसाद कोइरालाका कथामा पाइने यौनमनोविज्ञान तथा सामान्य असामान्य मनोविज्ञानलाई गहिराइसम्म पुगी

त्यसलाई केसाकेसा गरी केलाउन सक्नु सानो कुरा होइन । यसमा लेखकको कुशलता राम्रोसँग झल्किएको छ । पुस्तक निकै समय खर्ची परिश्रमसाथ तयार पारिएको देखिन्छ । निश्चय नै यस विषयका विद्यार्थीहरूलाई यसले ठूलो गुन लगाउनेछ भनेको पाइन्छ ।

'कोपिला', शुक्रबार १२ फागुन २०६२ पृष्ठ ख ले जनावरहरूको सभामा दुवै वातावरण बचाउन सिकाउने पुस्तक हुन् । जीवका लागि वनस्पति र वनस्पतिका लागि जीव चाहिन्छ भन्ने सन्देश दुवै पुस्तकले दिएका छन् । वातावरण बिग्रे जीव र वनस्पति दुवैलाई क्षति हुन्छ भने यी पुस्तकका सन्देश हुन् । एक अर्कामा भर पर्ने भएकाले जीवले वनस्पतिको र वनस्पतिले जीवको रक्षा गर्नुपर्छ भन्ने दुवै पुस्तकबाट बुझिन्छ । त्यसैले दुवैको सन्देश उस्तै हुन् भनी व्याख्या गरिएको छ ।

कोपिला, शुक्रबार, १६ भदौ २०६२, पृष्ठ ग मा किम्बुको मसी बालकथामा उषा पराजुलीले इच्छा भएमा जस्तोसुकै अभावमा पनि मानिसले आफ्नो इच्छा पुरा गर्न सक्ने क्षमता राख्नुपर्ने सन्देश दिएको छ । यो प्रंशसनीय रहेको कुरा व्यक्त गरेकी छन् ।

'गोरखापत्र', २०६३ भदौ २४ शनिवार पृष्ठ २ मा शिवप्रसाद भट्टराईले 'आख्यानकार विश्वेश्वर प्रसाद कोइराला' समालोचनाहरूलाई तथ्यहरूको कसीमा कथाकार विश्वेश्वर प्रसाद कोइरालाको जीवन, साहित्ययात्रा, खासगरी उनको कथा साहित्यको विविध पक्षमा जिज्ञासा राख्ने कुनै पनि पाठकहरूको लागि प्रस्तुत पुस्तक पठनीय एवं सङ्ग्रहणीय बन्न सकेको छ भनी विश्लेषण गरेका छन् ।

'कोपिला', शुक्रबार १२ फागुन २०६३, पृष्ठ, ख मा 'जनावरको सभा' पुस्तकको बारेमा जीवनका लागि वनस्पति र वनस्पतिका लागि जीव चाहिन्छ भन्ने सन्देश दिएका छन् ।

'अन्नपूर्ण पोष्ट', शनिबार २८, पुस २०६४ पृष्ठ ८ मा 'सफल जीवन' बालकथामा मानिसको जीवन सुखदुःखको संगम हो । मानिसलाई सुखभन्दा दुःख हुने सम्भावना छ । दुःख परे पनि असल र इमान्दार भएर परिश्रम गर्नुपर्छ भनी यस कथाको प्रशंसा गरिएको छ ।

लुइटेल दिनेशले 'चिचिला', २०६६ वैशाख, वर्ष २१ क्रमाङ्क २१८ पृष्ठ १७ मा 'सफल जीवन सचित्र' कथा संग्रहमा सरल, सहज र सरस भाषाको प्रयोग र नदी वगे जस्तो कथाको शृङ्खलाले कथालाई पढ्न थालेपछि नटुङ्ग्याएसम्म रोकिन मन नलाग्ने कथालाई दोष लगाउनै नपर्ने ठाउँ नभएको बताएका छन् ।

कोपिला, आइतबार ४ मङ्सिर २०६८, पृ. ज.मा वीणा, कासुला, 'विशाल र रीताको सफलतामा' दुई पात्र मार्फत सबै बालबालिकालाई असल बाटोमा हिड्न प्रोत्साहित गरिएको छ । हजुरबा पात्रबाट कथनलाई थप ज्ञानवर्द्धन बनाइएको छ । कथासँग सुहाउँदो चित्र यसको थप महत्वपूर्ण पक्ष हो भनिएको छ ।

'गोरखापत्र' २०७१ साल मङ्सिर २ गते शनिवार पृष्ठ ख डा. शैलेन्द्रं प्रकाश नेपालले 'समालोचना पुष्पमा' समालोचकले अतिरञ्जनाबाट जोगिनुपर्छ भन्ने कुरामा लेखकले ध्यानदिनु श्रेयस्कर छ । शैली माझिन बाँकी छ । परिमार्जन र प्रौढताको अपेक्षा गर्नु वाञ्छनीय देखिन्छ । बाकी सन्दर्भमा समालोचना पुष्प पठनीय र स्तरीय छ भनेका छन् ।

'गरिमा', असोज, २०६६ वर्ष २७ मा 'भूमिका सिद्धान्त र ज्ञवालीका भूमिका' समालोचनामा भानुप्रकाश जोशीले आकर्षक आवरणले सजिएको यस पुस्तकको जम्मा २२२ पृष्ठहरू साधारण कागजमा छापिएका छन् । एक जना सुयोग्य व्यक्ति छनोट गरी उनले लेखेका भूमिकाहरूलाई सङ्कलन गरी त्यसको सैद्धान्तिक चर्चा परिचर्चा थालनी गरेकोमा पुस्तकका लेखक तथा सङ्कलक ज्ञाननिष्ठ ज्ञवालीलाई साधुवाद तथा धन्यवाद । नेपाली साहित्यका अध्येताहरूका लागि लेखकको यो पुस्तक पठनीय, मननीय र सङ्ग्रहणीय छ भनी बताएका छन् ।

'गोरखापत्र' २०६४ चैत्र १६ गते पृष्ठ ख मा 'सफल जीवन' पुष्पराज जोशीले सफल जीवन पुस्तकमा गलत बाटोमा लागिसकेको एउटा जीवनले कोल्टे पेर्छ र उसको जीवन सफल हुन्छ । यो कथा पढेर पक्कै पनि बालमस्तिष्कमा शिक्षाको महत्व के हो, हामीले के काम गर्नुपर्दछ, के गर्नुहुन्न भन्ने कुराको चेतना प्रदान गर्दछ । कथाको भाषाशैली बालबालिकाको स्तर अनुसार नै छ भनी यस पुस्तकलाई सराहना गरेका छन् ।

‘युवामञ्च’ डेस्क २०६७ असार, वर्ष २३ अङ्क १ पृष्ठ ५८ ले ‘लोकतन्त्रको स्वाद’मा मानवीय कमजोरी, शैक्षिक, प्रशासनिक, आर्थिक, सामाजिक, रानीतिक आदि समाजको प्राय : सबै क्षेत्रमा देखिएका विसङ्गति र विकृतिप्रति लेखकले राम्रै झापड दिएका छन् भनी बताएका छन् ।

‘अन्नपूर्ण पोष्ट’, शनिवारे परिशिष्टाङ्क, फूर्सद, पृ.२, २६ असार २०६७ बाङ्मयले ‘लोकतन्त्रको स्वाद’ निबन्धमा अधिकांश व्यंग्य शिक्षा, शैक्षिक प्रणाली र साहित्यमा केन्द्रित छन् । सामाजिक विषयको प्रमुख जड राजनीतिक विषयवस्तुमा भने व्यङ्ग पाइदैन । समग्रमा सरल भाषामा छोटा निबन्धहरू पठनीय छन् भनी व्याख्या गरिएको छ ।

## १.५ शोधको औचित्य

ज्ञाननिष्ठ ज्ञवालीको सिर्जनाको मूल विधा समालोचना हो । उनले कथा, कविता, निबन्ध, बालकथा, संस्कमरण आदि जस्ता विधामा योगदान दिएका छन् भने अर्को तिर व्याकरण समीक्षा, कृति समीक्षा, पाठ्यपुस्तक समीक्षा र समसामयिक विषयका लेखनहरूमा पनि स्थान पाएका छन् । ज्ञवाली नेपाली प्रगतीवादी साहित्यका सर्जक हुन् । कृतिको सामाजिक मूल्यलाई हेरेर यथार्थपरक समालोचना गर्ने ज्ञवालीले गुणग्राहिता सहित आफ्नो साहित्यिक यात्रालाई अगाडि बढाएका छन् । नेपाली साहित्यको समसामयिक धारासँगै साहित्यिक लेखनमा सक्रिय ज्ञवालीको योगदानलाई यस अघिको अध्ययनबाट प्रष्टाउन नसकिएको कुरा पूर्वकार्यको समीक्षा अर्न्तगत गरिएको अध्ययनबाट प्रष्ट हुन्छ । तसर्थ यस्ता सर्जक व्यीक्तत्वको सामान्य अध्ययनमा मात्र सीमित नभएर उनको समग्र जीवनी, व्यक्तित्व, कृतित्वको अध्ययन स्वत औचित्यपूर्ण छ । यही परिप्रेक्ष्यमा उनका बारेमा अज्ञात रहेका विभिन्न तथ्यहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी प्रकाश पार्नु नै यस शोधकार्यको औचित्य हो ।

## १.६ शोधको सीमाङ्कन

ज्ञाननिष्ठ ज्ञवाली मूलतः समीक्षक समालोचक हुन् । उनले समीक्षा समालोचनाको विविध रूपहरूमा कलम चलाएका छन् भने बालकथा, कविता, संस्मरण, कथा, अनुवाद निबन्ध जस्ता विधामा पनि कलम चलाएका छन् । साथै पाठ्यपुस्तक र समसामयिक

विषयका लेखहरूमा पनि आफ्ना प्रतिभालाई विस्तार गरेका छन् । प्रस्तुत शोधकार्य उनको जीवनी, व्यक्तित्व र कृतित्वको विविध पाटाका बारेमा प्रकाश पार्दै समकालीन नेपाली साहित्यमा उनको स्थान निरूपण गर्नु यस शोधकार्यको सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधपत्रलाई विश्वसनीय प्रमाणित एवम् पूर्णत दिने क्रममा सामग्री सङ्कलनका लागि पुस्तकालयीय र अन्तवार्ता विधिलाई नै प्रयोग गरिएको छ । सामग्री संकलनका क्रममा सम्बन्धित पुस्तक र पत्रपत्रिकाहरूको अध्ययनको साथै अनुसन्धेय व्यक्तिहरूसँगको भेटघाटबाट लिखित एवम् मौखिक सामग्री सङ्कलन गरिएको छ ।

त्यस्तै अनुसन्धेय व्यक्तिको आफन्त परिवार एवम् निकटतम व्यक्ति सँग पनि मौखिक अन्तर्वाता गरिएको छ ।

शोधकार्यको जीवनी, व्यक्तित्व खण्डका लागि सङ्क्षिप्त विवरणात्मक पद्धति एवम् कृतित्व खण्डका लागि परिचयात्मक एवम् विश्लेषणात्मक पद्धतिलाई नै मूल आधार बनाइएको छ । समग्र कृतिको संक्षिप्त समीक्षा वर्णनात्मक पद्धतिमा गरिएको छ । अन्त्यमा उनको योगदानको मूल्याङ्कन गर्दै बस्तुगत निष्कर्ष निकालिएको छ ।

## १.८ शोधपत्रको सीमाङ्कन

शोधपत्रलाई व्यवस्थित एवम् सुसङ्गठित पार्नका लागि प्रस्तुत शोधकार्यलाई निम्नलिखित अध्यायमा विभाजित गरी आवश्यकता अनुसार शीर्षक उपशीर्षकमा समेत विभाजन गरी अध्ययन गरिएको छ ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : ज्ञाननिष्ठ ज्ञवालीको जीवनीको अध्ययन

अध्याय तीन : ज्ञाननिष्ठ ज्ञवालीको व्यक्तित्वको अध्ययन

अध्याय चार : ज्ञवालीको साहित्यिक तथा भाषिक कृतिहरुको अध्ययन

अध्याय पाँच : नेपाली साहित्यमा ज्ञाननिष्ठ ज्ञवालीको योगदान

अध्याय छ : उपसंहार

## अध्याय दुई

## ज्ञाननिष्ठ ज्ञवालीको जीवनीको अध्ययन

### २.१ विषय प्रवेश

ज्ञाननिष्ठ ज्ञवाली नेपाली साहित्यको वाङ्मयको क्षेत्रमा योगदान गरेका व्यक्तित्व हुन् । साहित्य क्षेत्रमा उनी कविता, बालकथा, कथा, निबन्ध, आत्मसंस्मरण, समीक्षा समालोचना आदि लेख्न प्रवृत छन् । यसरी साहित्यको विविध क्षेत्रमा कलम चलाए तापनि मूलतः नेपाली समालोचकको रूपमा सशक्त रूपले स्थापित प्रतिभा हुन् । ज्ञाननिष्ठ ज्ञवाली समालोचनासँगै नेपाली साहित्यलाई उर्वर बनाउन अन्य विधामा पनि उनी संलग्न रहेका छन् । जीवनको चार दशक लामो यात्रामा विभिन्न राष्ट्रिय परिस्थितिले ल्याएको संघर्ष र परिवर्तनलाई उनले आत्मसात गर्दै अगाडि बढेका छन् । कठिन कठिन परिस्थिति र अर्थाभावको अवस्थामा पनि जीवनलाई निरन्तर सक्रिय बनाउँदै अगाडि बढेका ज्ञवालीले लेखनको क्षेत्रमा धेरै संघर्ष गरेका छन् । उनले आफूलाई सक्रिय बनाउँदै सामाजिक, सांस्कृतिक परिवर्तनको निम्ति काम गर्ने अनि लेखनलाई पनि निरन्तरता दिने काम गरेका छन् । साहित्य र समाजसेवाको क्षेत्रमा उनको योगदान अनुकरणीय रहेको छ । चिन्तन र लेखनमा समन्वय पाइने उनको खुवी सम्पादन कलामा समेत विद्यमान छ । उनको संघर्षपूर्ण जीवनी र व्यक्तित्वको विविध आयामले अरुको निम्ति प्रेरणा दिने छ । त्यस्तो प्रेरणा मार्गदर्शक पनि बन्न सक्नेछ । अतः शोधपत्रमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको विविध पक्षलाई देखाउने कार्य गरिएको छ ।

### २.२ जन्म, जन्मस्थान र मातापिता

नेपालको लुम्बिनी अञ्चलमा अवस्थित गुल्मी जिल्ला रुरु. गा.वि.स. वडा नं. ३ थोर्गा च्युरेक गाउँमा वि.सं. २०३१ चैतमा आमा इन्दिरा ज्ञवाली र बुवा डिल्लीराज ज्ञवालीका पाँचौँ सन्तानका रूपमा जन्मिएका बालक नै आजका ज्ञाननिष्ठ ज्ञवाली हुन् ।

ज्ञवाली समालोचक समीक्षक, कवि, कथाकार, निबन्धकार मात्र नभएर आफ्नो अथक संघर्षद्वारा समाजसेवामा पनि तल्लीन व्यक्तित्व हुन् । समाजमा बस्ने सबै खाले मानिसले समान अवसर र माया पाउनुपर्छ । सबैले स्वतन्त्र भएर बाँच्नुपर्छ भन्ने धारणा

भएका ज्ञवालीको जन्म च्यूरेक गाउँमा उच्च वर्गीय परिवारमा चारवटी दिदीपछि छोराको इच्छा पूर्ण गर्दै इन्दिरा ज्ञवालीको गर्भबाट भएको हो । छोरी छोरी जन्मेकाले दुःखी भएका आमा बाबुको मनमा मलम लगाउन जन्मेका ज्ञवाली महत्वपूर्ण प्राप्ती भएका कारणले सबैका आँखा माथिका रातागेडी समान हुन पुग्छन् । उनीमाथि चारवटी दिदीमध्ये एकवटी दिदी सानैमा बित्नुभएको हो र अहिले तिनवटी दिदीहरू राधा, शान्ति र नारायणी हुनुहुन्छ । एक भाइ मधु ज्ञवाली रहेका छन् । उनकी आमा गुल्मी जिल्लाको रुरु गा.वि.स. वार्ड नं. ४ विष्णुपञ्जरमा हुनुहुन्छ । उनको जन्म ब्राह्मण परिवारको चोखोनितो गर्ने, बिहान नित्य चण्डी वाचन गरी शङ्ख घण्टा बजाएर पूजापाठ गर्ने माहोल बिच भएको हो । गाउँको उच्च वर्गको आर्थिक हैसियत भए पनि बुवाको आफू सानै छँदा मृत्यु भएकाले वहांले सारा सम्पत्ति अद्वैत संस्था र अन्य क्षेत्रमा समर्पण गरेका कारणले ज्ञवालीले जीवनमा धेरै दुःख कष्ट भोग्नुपर्‍यो ।

## २.३ बाल्यकाल र चुडाकर्म

ज्ञवालीको जन्म गाउँको उच्च वर्गीय परिवारमा भएको हो । उनका पिताको खेतीपाती प्रशस्त थियो । वहां गाउँको जमिन्दार हजुरबुबाका सन्तान हुनुहुन्थ्यो । चारवटी दिदीपछिको छोरो भएकाले ज्ञवाली जन्मदा सबै खुसी थिए । घरमा आमा बुवाले उनलाई ज्यादै माया गर्नुहुन्थ्यो । ज्ञवाली सानो उमेरमा बालसुलभ विभिन्न खेल खेल्थे र आफूसँग खेल्ने साथीसँग ज्यादै मिल्थे । उनको बाल्यकालमा खेल्ने खेलहरूमा डण्डिवियो, कपर्दी, क्यारेमबोर्ड आदि मुख्य हुन् भने गाउँका डाँडापाखामा घाँस काट्ने, दाउरा काट्ने, खोलाहरूमा सार्थीहरूसँग पौडी खेल्ने गर्थे ।

ब्राह्मण कुलमा जन्मेका हुनाले त्यसबेलाको समय परिस्थिति अनुसार पनि उनको घरको नियम अनुशासन कडा थियो । घरमा बस्दा ब्राह्मण परिवारमा गरिने सम्पूर्ण नियमको पालना गर्नुपर्‍यो । उनको बुवाले छोराको चुडाकर्म सानैमा गरिदिनुपर्छ भन्ने मान्यता भएकाले ज्ञवाली ८ वर्षको हुँदा घरमै विधिविधान पूर्वक गायत्री मन्त्र आफ्नै पिताबाट लिएर जनै धारणा गरेका थिए । पिता संस्कृतका विद्वान् पुराण भागवत लगाउने आमा पनि ब्राह्मण कुलकी छोरी भएको कारण आमाबाबु दुवैको धार्मिक स्वभावको प्रभाव उनमा पनि परेको पाइन्छ ।

## २.४ शिक्षादीक्षा

पढ्नु र पढाउनुपर्छ भने भावनाका धनी ब्राह्मण परिवारमा जन्मेका ज्ञवालीको अक्षराङ्क उनकै पिता डिल्लीराज ज्ञवालीबाट भएको हो । अद्वैत संस्थामा लागेका कारण पिता डिल्लीराज ज्ञवाली (धर्मनिष्ठ) ले आफ्ना छोराको नाम ज्ञाननिय राम ज्ञवालीको पिता डिल्लीराज ज्ञवाली संस्कृतका विद्वान् हुनुहुन्थ्यो । रहरको छोरा भएकाले बाबुको छोरालाई विद्वान बनाउने खुब इच्छा थियो । त्यसैले बाबु डिल्लीराज ज्ञवालीले बोली फुटेपछि नै ज्ञाननिष्ठ ज्ञवालीलाई आफ्नो पिठ्युमा लगेर वर्णहरू सिकाउनुहुन्थयो । उनी तिन वर्षको भएदेखि नै घरमा बाह्रखरी सिकाउनुभएको थियो । घर नजिकै प्राथमिक विद्यालय थियो । कक्षा तिनसम्म गाउँकै प्राथमिक विद्यालयमा पढे । त्यसपछि घरबाट पन्ध्र मिनेट हिडेर जानुपर्ने रुरु प्रा.वि. रिडी बजारमा कक्षा चार पढे । ए.बी.सी. डी तिन कक्षामा पढेका थिए । कक्षा ६ देखि १० सम्म संस्कृत मा.वि. रिडीमा पढे । कक्षा आठमा पढ्दै थिए पिताजी बित्नुभयो । निकै दुःख पऱ्यो धन्न त्यही स्कुलमा क्याम्पस खुल्यो । आइ.ए र बी.ए. त्यही पढे (ज्ञवाली, २०७३ : भूमिका) ।

आई.ए. दोस्रो वर्ष र बी.ए प्रथम वर्षमा कक्षामा प्रथम भए । दोस्रो वर्ष पढ्दापढ्दै भारतको हरिद्वार र हृषिकेश गए । एक महिना उतै बिताए । झन्डै महारमा बनेनन् । फेरि रिडी आएर पढे । बी.ए. दोस्रो वर्षको परीक्षा दिएपछि रिडीमै खरदार सरहको एउटा जागीर खुल्यो । पढाइमा योग्य भएपनि दायाँबायाँ हवाट्हुटको योग्यता नभएकाले घरपायकको जागीर खान सकेनन् । रिडी, बुटवल, स्याङजा बजार हुँदै काठमाडौं आइपुगे । तीक्ष्ण वुद्धि भएका उनी पढाइमा तेज थिए नै जीवनमा पढाइको जति महत्व अरुमा हुँदैन भन्ने कुरा उनले आफ्नो पारिवारिक वातावरणबाट समेत बुझेका थिए । त्यसैले उनी अध्ययनमा विशेष रुचि राख्थे । उनले बी.ए. सम्मको शिक्षा गुल्मीमै गरेका थिए । उनी आफ्नो इच्छा र सपना पुरा गर्न घण्टाघरमा रहेको त्रिचन्द्र कलेजमा मूल विषय नेपाली लिएर एम.ए भर्ना भए र एम.ए. मा प्रथम श्रेणीमा प्रथम भए । अध्ययनलाई नै आफ्नो जीवन ठान्ने जीवनको सही अर्थ खोज्न अध्ययन नै गर्नुपर्छ भन्ने धारणा भएका ज्ञवालीले अहिले एम.फिल तहको अध्ययन पूर्ण छात्रवृतिमा गरिरहेका छन् ।

यसरी उनले विभिन्न संघर्ष गर्दै आफ्नो शिक्षालाई अगाडि बढाउँदै लगे र एम.फिल सम्मको अध्ययन पूरा गरे । अध्ययनको लागि आफ्नो आमाको न्यानो कोखबाट बात्सल्य

प्राप्त गरे । पिताको बात्सल्यबाट वञ्चित भएर पनि औपचारिक रूपमा गरिने अध्ययन पुरा गरे, तापनि अहिलेसम्म उनी विविध विषयमा अध्ययन अनुसन्धान गर्ने काम भने गरिरहेका छन् ।

## २.५ दाम्पत्य जीवन र पारिवारिक स्थिति

ज्ञाननिष्ठ ज्ञवालीको पारिवारिक पृष्ठभूमि उदाहरणीय छ । उनका बाजे विष्णु प्रसादको छवि पनि उत्तिकै महत्वपूर्ण रहेको छ । पुरेत्याइ, आयुर्वेदिक उपचार, ज्योतिषी र समाजसेवामा जुटेका पिताको र समाजसेवामा जुटेका पिताको अनुशासनमा हुर्केका ज्ञवाली अनुशासित, लगनशील, सुशील, भद्र पुर्खाकै विरासतको रूपमा लिन सकिन्छ । चार दिदी पछि जन्मेका ज्ञवालीले बाल्यकालमा प्रशस्त पारिवारिक माया पाएका छन् ।

उच्च वर्गीय परिवारमा जन्मिएका ज्ञाननिष्ठ ज्ञवालीलाई आर्थिक अभाव भने भएन् । बेसरी सुझबुझ भएका पिताले खेतबारी बेचेरै भए पनि उनलाई पढाउने बन्दोबस्त मिलाएका थिए ।

## २.६ बसोबास र आजीविका

रुरु. गा.वि.स. ३ थोर्गा, च्युरेक गुल्मीमा जन्मेका ज्ञवालीको यो पुर्ख्यौली थलो भएकाले उनले आफ्नो बाल्यकाल त्यही बिताएपछि अध्ययनको क्रममा कक्षा ४ देखि बि.ए. सम्मको पढाइ गुल्मीमै पढे र एम.ए पढ्नको लागि काठमाडौं डेरा गरी बस्दै आएका थिए । हाल उनी पुरानो बानेश्वर काठमाडौंमा डेरा गरी बस्दै आएका छन् ।

उच्च वर्गीय परिवारमा जन्मेका भए पनि ज्ञवाली पिताज्यूको सानै उमेरमा मृत्यु भएको कारणले उनलाई खर्च जुटाउन पनि धौधौ पर्दथ्यो । उनी माथिका दिदीहरूको पनि सानै उमेरमा विवाह भएकाले सबै आर्थिक भार उनको काधमा पर्न गयो । जे होस् कति पनि हरेस नमानी विभिन्न ठाउँमा काम गर्दै उनले आफ्नो डेराको र खानपानको लागि खर्च जोहो गरि नै रहे । हाल उनको आयआर्जनको स्रोत भने उपप्राध्यापक पदको तलब हो । सोही तलबाट उनले आफ्नो परिवारको दैनिकी चलाउँदै आएका छन् । लेखपढमा निरन्तर लाग्ने उनले पुस्तक र फुटकर लेख प्रकाशित गर्ने गर्दछन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.७ आर्थिक अवस्था

उच्च वर्गीय परिवारमा जन्मेका ज्ञवालीको हजुरवुवा विष्णु प्रसाद ज्ञवालीको पुर्ख्यौली जमिन र जङ्गल पुग्दो थियो । हजुरबुवा र हजुर आमाको मृत्यु पश्चात बुवा र काका लाई अंशवन्डा भयो । अंशवन्डा हुदाखेरी पनि ज्ञवालीले परिवारको भागमा आफूलाई पुग्ने जग्गाजमिन पऱ्यो । तर बिडम्बना ज्ञवाली ८ कक्षा मा पढ्दा खेरी नै बुवाको मृत्यु भयो । ज्ञवालीको जीवनमा एकाएक आधीबेरी आइपुग्यो । तर पनि उनले कुनै हरेस नखाई पढाइलाई निरन्तरता दिए । उनले आफ्नो पढाइ छात्रवृत्तिमा नै पुरा गरे । ज्ञवाली वि.सं. २०६९/०९/२७ देखि अध्यापनको थालनी गरे । उनले आफ्ना भाइलाई काठमाडौं ल्याएर पढाए । ज्ञवाली शिक्षण पेसामा रहेर स्वावलम्बी भएपछि एम.फिल. गरेका हुन् । आर्थिक आय र रोजगारीको स्रोत नै शिक्षण पेसा बनाएर ज्ञवालीले हाल त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस काठमाडौंमा उप्राध्यापक पदमा कार्यरत छन् । यसरी आफ्नै परिश्रम र मेहनतमा बाँच्न चाहने ज्ञवालीले भक्तपुरमा घडेरी किनेका छन् । परिश्रम गरे जे पनि हुन्छ। मेहेनतले लक्ष्य प्राप्ति हुन्छ भन्ने ज्ञवाली उदाहरण बनेका छन् । उनले मानसिक र बौद्धिक विकासमा अर्थको कारणले कुने धक्का लाग्न पाएको छैन । कारण उनी पैसाको पछाडि कहिल्यै दौडेको पाइँदैन ।

## २.८ जागिरे जीवन

ज्ञाननिष्ठ ज्ञवालीको जागीरे जीवनको सुरुवात वि.सं. २०५२/०९/२७ गते अर्मादी बोर्डिङ स्कुल रामबाच्छा बजार स्याङ्जाबाट गरेका हुन् । त्यसपछि २०५२/११/०८ मा वर्ल्ड भिजन स्कुल जावलाखेल, ललितपुरमा काम गरे । उनले क्रमश २०६६/०४/२२ देखि मञ्जुश्री माध्यमिक विद्यालय धोबीघाट, ललितपुरमा गरे । त्यसपछि नवक्षितिज माध्यमिक विद्यालय कुलेश्वर, काठमाण्डौमा वि.सं. २०५६ /०४/०१ देखि काम गरे । वि.सं. २०५७ /१२/१७ देखि रत्नज्योति बहुमुखी क्याम्पस क्षेत्रपाटी, काठमाडौंमा आंशिक शिक्षकको रूपमा काम गरे ।२०५७ सालदेखि रातो बङ्गला स्कुलमा काम गरे । त्यसपछि वि.सं. २०५८ १०/१७ मा त्रि.वि. त्रिचन्द्र कलेज काठमडौं नेपाली स्नातकोत्तर तहका लागि आंशिक शिक्षकका रूपमा काम गरे । त्यसपछि वि.सं. २०६२/०६/१६ देखि हालसम्म त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौंमा स्थायी रूपमा उपप्राध्यापक भई प्रध्यापन गराइरहेका छन् । यसबाहेक उनी लोकसेवा अन्तर्गतका विभिन्न पदका लागि नेपाली विषय

पढाएका छन् । उनले विभिन्न शैक्षिक संघसंस्थाहरूमा कक्षा १ देखि एम.ए सम्म पढाएको पाइन्छ । उनले विभिन्न शैक्षिक संघसंस्थामा  नेपाली विषयका तालिम दिएका छन् । उनले छन्दको सैद्धान्तिक र लयसम्बन्धी तालिम दिएका छन् ।

## २.९ साहित्यिक सिर्जनाको प्रभाव र प्रेरणा

स्कुले जीवनदेखि नै ज्ञाननिष्ठ ज्ञवालीलाई साहित्य मनपर्ने विषय थियो । विद्यालयमा पढ्दा शिक्षकहरूले कविता लय हालेर पढाउँदा निकै आनन्द मान्ने गर्थे । नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्य, महान कवि लक्ष्मीप्रसाद देवकोटा, युगकवि सिद्धिचरण श्रेष्ठ, र राष्ट्रकवि माधवप्रसाद घिमिरेको समेत प्रभाव उनमा परेको थियो । उनले केवल साहित्यको अध्ययन मात्र गरेनन् । लेखनमा पनि केही प्रयास गरेका थिए । सुरु सुरुमा उनले कविताबाट आफ्नो भावना र विचारहरू प्रस्फुटित गरे तथा ती विचार विज्ञानका दृष्टिले त्यति सुन्दर थिएनन् । केही कविता आफैलाई सन्तुष्ट नभएर टोकरीमा मिल्काएका थिए । तर पनि उनले लेख्न छाडेनन् । पछिल्लो साहित्यकार ज्ञवाली खास साहित्य लेखनका प्रेरणा प्रकृति समय र पीडा हुन् । प्रकृतिलाई अगाँलेर प्रकृतिसँगै रम्दै कविता लेख्ने कवि तथा समयक्रम सँग परिवर्तन  उतार्न सफल कविका रूपमा ज्ञाननिष्ठ ज्ञवालीलाई लिन सकिन्छ । ज्ञवालीले अहिले विभिन्न पत्रपत्रिकाको सम्पादक भएर कार्य सम्हालेको पाइन्छ ।

## २.१०. प्रथम प्रकाशित रचना र कृति

ज्ञाननिष्ठ ज्ञवालीको लेखनको आरम्भ पद्यबाट भएको हो । उनले वि.सं. २०५६ सालमा ‘जन्मभूमिको सम्झना’ कविताबाट लेखन सुरु गरेका छन् । ज्ञवालीको औपचारिक प्रकाशन नै यही ‘जन्मभूमिको सम्झन’ बाटै भएको हो । उनको प्रथम प्रकाशित समालोचना चाहिँ ‘आख्यानकार विश्वेश्वरप्रसाद कोइराला’ (२०६१) समालोचना हो । यस समालोचनामा ज्ञवालीले विश्वेश्वरप्रसाद कोइरालाका जीवनका विविध अवस्थाका बारेमा लेखेका छन् ।

## २.१२ समाजसेवा

समाजसेवाको क्षेत्रमा ज्ञाननिष्ठ ज्ञवालीको पनि योगदान रहेको छ । विभिन्न संघसंस्थामा उनको संलग्नता देखिन्छ :

१. काठमाण्डौ रुरु कल्याण परिवार, काठमाडौं (पूर्व सचिव)

२. ज्ञवाली गुठी, काठमडौं (आजीवन सदस्य)

३. गुल्मेली समाज, काठमाडौं (आजीवन सदस्य)

४. थोर्गा सम्पर्क तथा विकास मञ्च काठमाडौं (संस्थापक आजीवन सदस्य)

५. अभियान साहित्य प्रतिष्ठान (आजीवन सदस्य)

६. विभिन्न साहित्यिक तथा अन्य संस्थामा सदस्य

## २.१२ रुचि तथा स्वभाव

रुचि प्रत्येक व्यक्तिमा भिन्नभिन्न हुन्छ र त्यसले व्यक्तिको व्यक्तित्वको निर्माण गर्छ । ज्ञवालीको पनि आफ्नै प्रकारको रुचि छ । उनी बाल्यकादेखि नै सफासुग्घर भएर बस्न मन पराउने, भएकाले आफूले कमाएको केही रकमबाट कपडा किन्ने र कपडामा स्त्री लगाएर टल्काउने लत थियो । अहिले पनि उनी कपडा सफा र मिलाएर लगाउन मन पराउँछन् । साथै गाउँका हरिया वनपाखामा पैदल हिड्न, त्यहाँको जीवनशैली, वस्तुस्थिति बुझ्न उनलाई निकै मन पर्छ । उनको रुचि पठनपाठन, अध्ययन, अध्यापन र सिर्जनातर्फ बढी रहेको देखिन्छ । खेल मनोरञ्जन तर्फ पनि उनको रुचि पाइन्छ । उनी क्यारम्बोर्ड, साना ठूला सबै मानिसहरू समान हुन्छन् भन्दै सबैलाई समान व्यवहार गरेर समान सहयोग र माया गर्न हिचकिचाउँदैनन् ।

ज्ञवालीलाई नयाँ ठाउँ घुम्न सबैभन्दा बढि मनपर्छ । नयाँ नयाँ मान्छेसँग भेट्ने नयाँ कुरा सिक्ने र सिकाउने बानी छ । नयाँ ठाउँ गएर त्यहाँको वस्तु स्थितिलाई अक्षरमा उतार्न समाजसेवामा विविध काम गर्न समेत उनलाई मनपर्छ । घरमा बस्दा उनी सर्ट पाइन्ट नै बढी लगाउँछन् । साथै साथीभाइहरूसँग दुःखी मानिसको सहयोगका लागि मलमपट्टी लगाउन पनि उनलाई मन पर्छ । उनलाई त्यहाँको वस्तुस्थितिको साथै त्यहाँका जनजीवनसँगको साक्षात्कारमा आफूलाई खुसी लाग्ने भएकाले र महत्वपूर्ण ठाउँमा बस्तुस्थिति आदिको बारेमा लेखेर पत्रपत्रिकामा प्रकाशन गर्ने काममा पनि उनको प्रशस्त रुचि छ ।

## २.१३ सम्मान तथा पुरस्कार

ज्ञाननिष्ठ ज्ञवाली मानसम्मानका भोका नभएकाले त्यसको पछि लाग्दैनन् । तर पनि उनले पाएका पुरस्कारको बारेमा खुलाउनुपर्दा सर्वप्रथम स्कुल पढ्दा स्कुलमा हुने हाजिरीजवाफ साथै अन्य अतिरिक्त कृयाकलापमा प्राप्त सम्मान तथा पुरस्कारहरू निम्नानुसार छन् :

१. स्नातकोत्तर तहमा क्याम्पसस्तरमा सर्वाधिक अङ्क ल्याई नेउपाने हरिकमला स्वर्ण पदक र नगद पुरस्कार ।

२. स्नातक तह प्रथम र प्रमाणपत्र तह दोस्रो वर्षमा क्याम्पसस्तरमा सर्वाधिक अङ्कलाई नगद पुरस्कार र प्रमाण पत्र ।

३. अभियान साहित्य प्रतिष्ठानद्वारा सम्मानपत्र

४. विश्वेश्वर प्रसाद कोइरालाको २४ औं पुण्यस्मृति दिवसको अवसरमा ललितपुर जिल्लाद्वारा प्रशंसापत्र

५. रातो बङ्गला स्कुलद्वारा सम्मान

६. विभिन्न संघसंस्थाद्वारा सम्मान पुरस्कार र पशंसापत्रहरूआदि ।

## २.१४ निष्कर्ष

ज्ञाननिष्ठ ज्ञवालीको जीवनको बारेमा निम्न लिखित निष्कर्ष निकालिएको छ ।

ज्ञाननिष्ठ ज्ञवालीको जन्म वि.सं. २०३१ चैतमा ब्राह्मण परिवारमा भएको हो । उनको बाल्यकाल आफ्नै जन्मथलोमा बितेको थियो । बाल्यकाल देखि नै समाज परिवर्तनमा अग्रसर भएका देखिन्छन् । समाजमा व्यापत अशिक्षा, परम्परागत मूल्य, मान्यता, शोषण दमन प्रति व्यङ्ग गरी साहित्यिक कृतिको माध्यमबाट समाजमा परिवर्तन चाहने साहित्यकारका रूपमा लिन सकिन्छ । वि.सं. २०५६ सालमा 'जन्मभूमिको सम्झना' नामक कविताको रचना गर्छन् । त्यसपछि उनी लेखनतर्फ अग्रसर हुन्छन् ।

वि.सं. २०५८ सालमा सविता भट्टराईसँग दाम्पत्य सम्बन्ध गाँसेका ज्ञवाली साहित्य सिर्जनामा सक्रिय भएर लाग्छन् । अध्यापन, समाजसेवा, साहित्य संस्कृतिलाई सँगसँगै जस्तो लिएर गएका उनले सक्रिय जीवन बिताउने प्रयत्न गरेका छन् । उनले दिएको साहित्यिक एवं सामाजिक योगदाको कदर गर्दै विभिन्न संघसंस्थाबाट पुरस्कृत भएका ज्ञवाली विभिन्न

संघसंस्थामा संलग्न हुँदै आएका छन् । आफ्नो अनुसन्धानात्मक लेखनलाई निरन्तरता दिदै अहिले उनी आफ्नो प्रध्यापन पेसालाई अँगाल्दै विभिन्न समाज सुधारका काममा समेत सक्रिय हुँदै नयाँ नयाँ पुस्तकहरूको अध्ययन, लेखन, अनुसन्धान र प्रकाशन गर्दै आएका छन् । उनमा रहेको ज्ञानसुधा कहिल्यै नमेटिने जस्तो प्रतीत हुन्छ । उनी सधैं किताबसँगै र लेखन सँगसँगै भेटिन्छन् । उनमा तास खेल्ने, धुम्रपान गर्ने र अन्य तामसी प्रवृत्ति नहुनुले पनि यो सबै सम्भव हुन सक्छ ।

## अध्याय तीन

## ज्ञाननिष्ठ ज्ञवालीको व्यक्तित्वको अध्ययन

व्यक्तिको जीवनमा विभिन्न पक्षहरूको अध्ययनले व्यक्तित्वको निर्माण गर्छ । व्यक्तित्वका दुई पाटा हुन्छन् । आन्तरिक र बाह्य । आन्तरिक व्यक्तित्वले व्यक्तिका आन्तरिक गुणसँग सम्बन्धित हुन्छन् भने बाह्य व्यक्तित्व चाँहि व्यक्तिको शारीरिक पक्षसँग सम्बन्धित हुन्छन् । यस परिच्छेदमा ज्ञाननिष्ठ ज्ञवालीको आन्तरिक वा चारित्रिक र बाह्य व्यक्तित्वको अध्ययन गरिएको छ ।

### ३.१ आन्तरिक वा चारित्रिक व्यक्तित्व

ज्ञाननिष्ठ ज्ञवालीमा निहित गुण, शील, स्वभाव, आचरण र प्रवृत्तिलाई अध्ययन गरी आन्तरिक वा चारित्रिक व्यक्तित्वको रूपमा विवेचना गर्न सकिन्छ ।

### ३.१.१ गुण, शील, स्वभाव, आचरण र प्रवृत्ति

ज्ञवालीको स्वभाव अत्यन्त सह्रानीय खालको छ । उनमा मिलनसार, मृदृभाषी, बाकपटु र उचित व्यवहार गर्ने विशेषता पाइन्छ । उनी स्वभावले यथार्थका पक्षपाती हुन् ।

उनको जीवनशैली अत्यन्त सरल छ तथापि विचारमा उच्चता छ । लुकाउनुपर्ने कुरा खासै नभएको खुला दिलले आफूलाई देखाइदिने प्रवृत्ति उनमा देखेको कुरा सत्यतथ्य बोल्ने, रोमान्टिक जीवनलाई आत्मसाथ गर्ने, कल्पनामा रम्ने जस्ता प्रवृत्तिहरू पनि पाइन्छन् । सरलता, स्वच्छन्दता, स्पष्टता, विनयी, पारदर्शिता, पक्षपाती विहीनता आदि उनका जीवनशैलीमा पाइने मुख्य पक्ष हो । साथीहरूप्रति उनको धारणा सकारात्मक, सहयोगी र सहानभूतिपूर्ण छ । उनी साथीभाइ र आफ्नो विद्यार्थीहरूलाई मार्गदिर्नेशन र सपार्नेतर्फ होस्टेमा हैसे गर्न सदा तत्पर रहन्छन् । प्रायः सबैसँग उनको व्यवहार भद्रतापूर्ण र सक्दो नरम खालको हुन्छ । सबैका दुःखमा सहभागी हुने प्रवृत्ति भएकाले समाजमा उनको स्थान उच्च भएको र अन्यायसँग नदुब्ने हुनाले उनी न्याय प्रेमी भएको पनि महसुस हुन्छ ।

सांस्कृतिक परिवेशलाई स्वच्छ पार्न खोज्ने तर परम्परागत कढीमा नअलमलिने तथा सबै विचारलाई मान्यता दिने गरेको पाइन्छ ।

सबैसँग हाँसेर बोल्ने, सहयोगको भावना राख्ने, देखेको कुरालाई मनमा नराखी स्पष्ट भन्ने, कसैलाई पनि भेदभाव नगर्ने, सत्यको पक्ष लिने प्रवृत्ति उनका सदावहार गुण हुन् । देशभक्तिको भावना, देशनिर्माणको धारणा, वर्गहीन समाजको कल्पना, जातीय गौरव, मिहिनेत र परिश्रमबाट भाग्यको निर्माण गर्नुपर्छ भन्ने सोचतर्फ उनी आकर्षित देखिन्छन् ।

## ३.२ बाह्य व्यक्तित्व

### ३.२.१ शारीरिक व्यक्तित्व

ज्ञाननिष्ठ ज्ञवाली शारीरिक रूपमा मझौला आकृतिका देखिन्छन् । उनको उचाइ पाँच फिट नौ इन्च छ । शरीरको तौल ६० किलोको हाराहरीमा छ । ठूलठूला आँखा, ठूलो निधार, ठूलो नाक, पातलो केश भएको लाम्चो अनुहार भएका ज्ञवाली भित्री रूपमा प्रशन्न उज्याला र हाँसिला देखिन्छन् । उनी सधैं दाह्री काटेर अनुहार सफा बनाउँछन् । घरमा बस्दा उनी सर्ट पाइन्ट लगाउँछन् । बाहिर हिड्दा सर्ट पाइन्छ, काला जुत्ता तथा स्पोर्ट सुज लगाउँछन् । हिडेर जान मिल्ने ठाउँमा हिडेरै र प्रायजसो सार्वजनिक यातायातमा देखिन्छन् । एक्लै हिँड्दा उनको हिँडाइ कुनै लक्ष्यमा पुग्न हतारिएझैं छिटो छिटो खालको छ । साथीसँग हिड्दा उनी कुरा गर्दै हँसिलो मुख लगाएर हिँड्छन् ।

कक्षामा शिक्षण गर्दा उनी हाउभाउका साथ प्रस्तुत हुन्छन् । शिक्षणका क्रममा विषयवस्तुलाई विश्लेषण गर्दा उनी निकै गम्भीर र उदारहण दिएर स्पष्ट पार्दा सरल र हाँसिला देखिन्छन् । विद्यार्थीलाई बोलाएर आफूले पढाएको विषयमा बोल्न लगाउँछन् । ज्ञवालीले कक्षाका विद्यार्थी तथा कक्षा बाहिरका मान्छेसँग कसैलाई पनि धनी गरिब, सानो ठूलो भनेर भेदभाव गरेको पाइँदैन । उनी सबै सँग समान व्यवहार गर्छन् ।

### ३.२.२ प्राध्यापक व्यक्तित्व

ज्ञाननिष्ठ ज्ञवालीको पेसा शिक्षण हो । शिक्षण पेसा जस्तो पवित्र र उत्तरदायित्वपूर्ण पेसामा लागेका ज्ञवाली काठमाडौंमा आएर स्नातकोत्तर तहको अध्ययन पुरा नगर्दै औपचारिक रूपमा लागेको जानकारी पाइन्छ । उनी विसं. २०५२/०९/२७ सालदेखि

अर्मादी वोर्डिङ स्कुल रामबाच्छा बजार, स्याङ्जाबाट अध्यापन पेसामा लागेको पाइन्छ । उनले त्यहाँ जम्मा दुई महिना अध्यापन गरेको पाइन्छ । त्यसपछि उनले तिन वर्षसम्म वर्ल्ड भिजन स्कुल जाउलाखेल, ललितपुरमा अध्यापन गरे । त्यसपछि उनले क्रमशः १ वर्ष मञ्जु श्री माध्यमिक विद्यालय धोबीघाट ललितपुरमा पढाएको पाइन्छ । वि.सं. २०५६/०४/०१ देखि २०५७/०४/२९ सम्म नवक्षितिज माध्यमिक विद्यालय कुलेश्वर, काठमाडौंमा शिक्षकको रूपमा काम गरेको पाइन्छ । १ वर्ष आंशिक रूपमा रत्नज्योति बहुमुखी क्याम्पस क्षेत्रपाटी, काठमडौंमा ४ वर्ष आंशिक रूपमा त्रि.वि. त्रिचन्द्र कलेज स्नातकोत्तर तहमा पढाए । २०५७ सालदेखि उनले रातो बङ्गला स्कुलमा पनि अध्यापन गराए । यी ठाउँमा वि.सं. २०६२/०६/१६ देखि हालसम्म त्रि.वि., पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौंमा उपप्राध्यापकको रूपमा कार्यरत छन् ।

माध्यमिक विद्यालय तहमा रहँदा उनले केवल शिक्षक मात्र नभएर अभिभावकको रूपमा काम गरेको बुझिन्छ । उनले अध्यापन गरेका विद्यार्थीमा ज्ञवालीको गहिरो प्रभाव भेटिन्छ । ६ वर्षसम्म विद्यालय स्तरमा काम गरेपछि ज्ञवाली क्याम्पसको शिक्षक भएका हुन् भने ४ वर्ष त्रि.वि. त्रिचन्द्र कलेज, काठमाडौं शिक्षण गरेपछि उनले आफ्नो शिक्षक व्यक्तित्वलाई अझ स्पष्ट र प्रौढ बनाएका छन् । नेपाली भाषा र साहित्यको शिक्षण गर्ने क्रममा प्रवीणता प्रमापत्र हुँदै स्नातक र स्नातकोत्तर तह प्रथम वर्ष र द्वितीय वर्षमा पनि नेपाली पढाएका छन् । उनले शिक्षण गर्दा पहिले सिद्धान्त र त्यसपछि कृतिको विश्लेषण गर्दछन् । जसले गर्दा विद्यार्थीलाई बुझ्न सजिलो हुन्छ । उनले शिक्षण गर्ने तरिका प्रभावकारी भएकाले उनको कक्षामा बस्दा विद्यार्थीहरू आलस्य होइन जाँगर बढेको अनुभव गर्छन् । त्यसो त उनले प्रसङ्ग मिलाएर अरु बाहिरी ज्ञानगुणका कुरा पनि बारम्बार प्रस्तुत गरिरहेका हुन्छन् । त्यसो हुनुमा उनले प्राध्यापन गर्ने खुबी रअन्य क्षेत्रमा समेत रहेको ज्ञान पनि सहयोग गरेको हो, जुन आकर्षक छ ।

अतः ज्ञवालीको जागीरे व्यक्तित्वको रूपमा रहेको शिक्षण पेसाले २० वर्ष पार गरिसकेको छ । करिब ६ वर्ष सम्म जति विद्यालय तहमा पढाएका ज्ञवालीले पूर्ण रूपमा १६ वर्षसम्म क्याम्पस तहमा अध्यापन गरेका छन् । यति धेरै वर्षसम्म निरन्तर अध्ययन, अध्यापन र अनुसन्धानमा जुटेका ज्ञवालीसँग लिने कुरा धेरै छन् ।

### ३.२.३ सामाजिक र पथप्रदर्शक व्यक्तित्व

ज्ञाननिष्ठ ज्ञवलीका विभिन्न व्यक्तित्वहरूमध्ये पथप्रदर्शक व्यक्तित्व पनि महत्वपूर्ण व्यक्तित्वका रूपमा रहेको छ । उनको उचित मार्गनिर्देशनबाट आफ्नो जीवनलाई सहि दिशातर्फ उन्मुख गराउनेहरू हाम्रो समाजमा धेरै छन् । विभन्नि विचारधाराका थुप्रै व्यक्तिलाई साहित्यिक, राजनैतिक, शैक्षिक र अन्य सरसल्लाह दिएर, प्रेरणा हौसला दिएर उनले तिनीहरूको भविष्यनिर्माणमा सहयोग पुऱ्याका छन् । यसरी उनका उचित निर्देशन र बौद्धिक सहयोग द्वारा प्रशस्त मात्रामा अनुभूति भएका व्यक्तिहरू आज पनि विभिन्न क्षेत्रमा क्रियाशिल छन् । साहित्यिक मात्र होइन वैचारिक र शैषिक रूपमा पनि पथप्रदर्शन गर्ने ज्ञवालीको जीवनशैली, भनाइ र गराइबिचको तादाम्य र व्यवहार कुशलताले समेत यो व्यक्तित्व अत्यन्त प्रभावशाली रहेको पाइन्छ । उनका साहित्यिक सम्बन्धि उपयोगी सुझाव सल्लाह र मूल्याङ्कनबाट नेपाली लेखकहरूले आफ्नो लेखनीलाई निर्खार्दै लगेको उदाहरणहरू प्रशस्त छन् । वास्तवमा असल बानी बेहोराको बारेमा सुचना दिने, प्रशंसा गर्ने उदाहरण बनाउने ज्ञवालीको प्रवृत्ति पनि उनका विद्यार्थीहरूका लागि ठूलो प्रेरणा बनेको छ । उनका यिनै व्यवहारले गर्दा उनका कैयौ विद्यार्थीले आफ्नो अध्ययनलाई समेत सफलता पूर्वक पूरा गरेका प्रशस्त उदाहरणहरू भेटिन्छन् । ज्ञवालीका कतिपय भनाइहरू व्यावहारिक छन् । कुनै पनि काम गर्नुभन्दा पहिले कार्ययोजना बनाउनुपर्छ र पूरा तयारी गर्नुपर्छ । बिचमै चटक्क छोड्नुहुँदैन भन्ने उनको राय छ । **३.२.३ सामाजिक व्यक्तित्व एवम् पथप्रदर्शक**

ज्ञाननिष्ठ ज्ञवाली सुन्दर स्वस्थ्य समाजको निर्माण गर्न सदा सक्रिय रहन्छ । सामाजमा विद्यमान अनेक रुढी र अन्धपरम्परालाई फेर्नुपर्छ भन्ने उद्देश्य राखेका ज्ञवालीमा सादा जीवन उच्च विचारको भावना पाइन्छ । उनले समाजका विभिन्न पक्षको अध्ययन गरेका छन् । मानिसका सुख दुःख एवं पिरमर्कालाई नजिकबाट नियालेका छन् । उनी काठमाडौं रु रु कल्याण परिवार, काठमडौंमा सचिव रहेर कार्यक्रममा सल्लाह, सुझाव र सहयोग गरेका छन् । ज्ञवली गुठी, काठमडौंमा आजीवन सदस्य बनेर गुठीमा विभिन्न अध्ययन र लेखनमा प्रेरित गर्दै आधारभूत आवश्यकताहरूको परिपूर्ति गरिदिने काम गरेका छन् । गुल्मेली समाज, काठमाडौंमा आजीवन सदस्य भएर काम गरिरहेका छन् । उनले थोर्गा सम्पर्क तथा विकास मञ्च काठमाडौंमा संस्थापकको रूपमा भूमिका निर्वाह गरेका

छन् । अभियान साहित्य प्रतिष्ठानमा आजीवन सदस्य भएर काम गरेका छन् भने विभिन्न साहित्यि तथा अन्य संघसंस्थाहरूमा काम गरिरहेका छन् ।

भ्रमणमा विशेष रुचि भएका उनले नेपालमा विभिन्न ठाउँको भ्रमण गरेका छन् । उनले यस्ता ठाउँको भ्रमण गर्दा त्यस्ता ठाउँको वस्तुस्थितिबारे नजिकबाट नियाल्ने अवसर पाएका छन् । यस्तो भ्रमण गर्दा उनले थुप्रै सामाजिक कार्यहरू गरेको पाइन्छ । साथै त्यस्ता ठाउँको बारेमा लेखेर पाठक वर्गलाई त्यस ठाउँको बारे जानकारी लिने अवसर समेत दिएका छन् ।

### ३.२.४ साहित्यिक व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी ज्ञवाली सशक्त समीक्षक एवं स्थापित समालोचक हुन् । उनी कवि, निबन्धकार, भाषाका अध्येता पनि हुन् । ज्ञवालीले सम्पादनको रूपमा पनि आफ्नो कुशल र प्रखर प्रतिभा देखाएका छन् । यसको प्रमाणको रूपमा विद्यालय, विश्वविद्यालयबाट निस्कने पत्रपत्रिकाको सम्पादन र अन्य क्षेत्रबाट निस्केको पुस्तकको समेत कुशल सम्पादन हो । ज्ञवाली साहित्यका विविध क्षेत्र अध्ययन, लेखन र अनुसन्धानमा जुटेका छन् । उनले कविता, निबन्ध समालोचना आदि विधामा कलम चलाएका छन् भने भाषा विाष्यक पुस्तक, पाठ्यपुस्तक, र सम्पादन समेत गरेका छन् । उनको विशेष रुचिको विषय समालोचना एवं अनुसन्धानात्मक  कृतिको सृजना गर्ने भए तापनि उनले सर्वप्रथम आफ्नो कलम कविता विधामा चलाएको पाइन्छ । त्यसपछि उनले साहितयका विविध विधालाई एकैसाथ अवलम्बन गरे पनि परिमाणात्मक र गुणात्मक दुवै रूपमा समालोचनालाई निकै अगाडि बढाएका छन् । यी विविध विधाका सर्जकको साहित्यिक व्यक्तित्वलाई निम्न बुँदामा हेरिएको छ ।

### ३.२.४.१ कवि व्यक्तित्व

ज्ञवालीको साहित्यिक व्यक्तित्व भित्रको कवि व्यक्तित्व पनि एक हो । विभिन्न स्रष्टाहरूको कविताको अध्ययनले गर्दा उनमा कवि लेखनप्रतिको मोह जागृत हुन्छ । उनको जन्मभूमिको सम्झना नामक कविता वि.सं. २०५६ मा प्रकाशित भएको पाइन्छ । ज्ञवालीले आफ्नो साहित्यिक  यात्राको थालनी पनि कविताबाट गरेका हुन् । यद्यपि उनले विद्यालय तह र क्यापस तहको अध्ययनमा थुप्रै कविता लेखेका छन्, वाचन गरेका छन् र पुरस्कार समेत हात पारेका छन् । प्रकाशनका दृष्टिले उनको ॅनव वर्षँ कविता वि.सं. २०६७ वन्दना, साहित्य त्रैमासिक वर्ष १९, (अङ्क १) पत्रिकामा प्रकाशित हुन्छ । पुनः चार वर्ष पछि २०६१ को सचेत नेपाल, राष्ट्रिय मासिक, वर्ष एक, अङक चारमा 'मन' २०६२ मा 'बालक हामी कोपिला' कान्तिपुर, कोपिलामा र अन्य तिन दर्जन भन्दा बढी कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन गरेका छन् । उनले यति धेरै कविता प्रकाशन गरेपछि कविता लेखनलाई कम गर्दै समालोचना, बालकथा र निबन्ध लेखनमा र प्रकाशनमा लागेको पाइन्छ ।

उपर्युक्त उनका प्रकाशित कविताहरू बेग्ला बेग्लै भावभूमिमा संरचित देखिन्छन् । पहिलो प्रकाशित कविता 'जन्मभूमिको सम्झना' मा आफ्नो जन्मभूमिको बारेमा लेखिएको पाइन्छ । विभिन्न समयमा रचिएका उनका यी रचनाहरू सरल भाषाका माध्यमबाट निम्नवर्गीय जनताका पीरमर्का, विरह, वेदना र ढुकढुकीलाई छाम्न सफल छन् । ज्ञवालीका आफ्ना ती कविताहरूमा देखे भोगेका अनुभव र अनुभूतिलाई भावानुकूल शब्दशिल्प टिपेर प्रस्तुत गरेका छन् ।

### ३.२.४.२ निबन्धकार व्यक्तित्व

ज्ञवालीको विभिन्न व्यक्तित्वहरूमध्ये निबन्धकार व्यक्तित्व पनि एक हो । पुस्तकका रूपमा ज्ञवालीले २०६७ सालमा ॅलोकतन्त्रको स्वाद' निबन्धबाट निबन्ध लेखन सुरु गरेको पाइन्छ । लोकतन्त्रको स्वाद पछि उनले वि.सं. २०६२ मा ॅस्वर्णपदक र निजी स्कुल निबन्ध' ॅकान्तिपुर' दैनिक, शनिवार १७ वैशाख पृ. ६ मा २०६२ मा नै चिन्तन र चरित्रको द्वन्द्व कान्तिपुर, दैनिक, शविार ३ वैशाख पृ. ७, काठमाडौंदेखि रिडीसम्म २०६३ त्रैमासिक, वर्ष २, अङ २-३ संयुक्ताङ्क पूर्णाङ्क ३ पृ. १४८-१५० मा, ॅकोपिला' फक्रिएनछ साहित्यिक पत्रिका,

वर्ष ३, अङ्क ४, ५, ६ (संयुक्ताङ्क) पृ. (५५४-५५) मेरो हृदय २०६३ साहितियक मासिक, वर्ष २३ अङ्क ५-६ साहित्यिक अङ्क ११२ पृ. ११-१३ मा प्रकाशित छन् । यसका साथै उनका यात्रा संस्मरणसँग सम्बन्धित दुई दर्जन जति निबन्धहरू दैनिक पत्रिका, कान्तिपुरमा समेत प्रकाशित छन् । उनी र साथीहरूको समूहले गरेका विभिन्न ठाउँको यात्रा वर्णन, वस्तुस्थिति, जीवनशैली र अन्य पक्षहरूलाई समेत समेटेर लेखिएका लेख र रचनाहरूको लोकप्रियता पनि प्रशस्त रहेको पाइन्छ ।

उनका निबन्ध आत्मपरक र बस्तुपरक दुवै शैलीमा रचिएको पाइन्छ । उनका निबन्धमा दुःख, हाँसो, भ्रमण आदि पाइन्छ । खास गरी सरल भाषाको माध्यमबाट जीवनको वास्तविक रूप देखाउन सक्नु नै उनको निबन्धकार व्यक्तित्वको खुबी हो ।

### ३.२.४.३ कथाकार व्यक्तित्व

ज्ञाननिष्ठ ज्ञवाली कथा लेखनमा पनि सक्रिय रहेका छन् । समालोचना, समीक्षा संस्मरण लेख्दा लेख्दै उनलाई कथा लेखनमा मोह जाग्छ । फलस्वरूप उनले वि.सं. २०६८ मा ‘विशाल र रीताको सफलता’ बालकथा ‘कान्तिपुर पत्रिकामा प्रकाशित गर्छन् । त्यसपछि किम्बुको मसी २०६२ बालकथा (दोस्रो २०७०) प्रकाशन गरेका छन् । त्यसपछि उनले जनावरहरूको सभा (२०६२) बालकथा (पाँचौ संस्करण २०७१) प्रकाशन गरेका छन् । साथै उनले थुप्रै बालकथाहरू प्रकाशन गरेका छन् । बालकको मनलाई सजिलै पढ्न सक्ने बाल मनोविज्ञान बुझेर उनीहरूको अन्तरमन छाम्न सक्ने खुबी भएका ज्ञवालीका कथामा बालसुलभ प्रवृत्ति, समाजको यथार्थ चित्रण, लोभ लालचमा फसेका मानिसको वास्तविक रूपलाई देखाउन खोजेको पाइन्छ । उनका कथा सरल, सहज, मनोरञ्जनात्मक, कौतुहलपूर्ण रोचक भएको पाइन्छ । यसरी हेर्दा उनको कथाकार व्यक्तित्व पनि महत्वपूर्ण मानिन्छ । पाठकलाई मनोरञ्जनका माध्यमबाट जीवनका बहु आयामका बारेमा दिन सक्नु नै उनको कथाकार व्यक्तित्वको खास वैशिष्ट्य हो । नेपाली बालबालिका, वृद्धबृद्धा, बुद्धिजीवी जस्ता थुप्रै वर्गका मानिसका समस्या पहिचान गरी त्यसलाई मनमोहक ढङ्गले प्रस्तुत गरेर जनसमक्ष सन्देश प्रवाह गर्न सक्नु नै उनको कथाकार व्यक्तित्वको मूल उद्देश्य हो ।

### ३.२.४.४ समालोचक व्यक्तित्व

ज्ञाननिष्ठ ज्ञवालीका अनेक व्यक्तिहरूमध्ये प्रतिभाशाली व्यक्तित्व समालोचक व्यक्तित्व हो । ज्ञवाली यस क्षेत्रमा वि.सं. २०६१ सालमा आख्यानकार विश्वेश्वरप्रसाद कोइराला समालोचना प्रकाशित भएपछि औपचारिक रूपमा देखा परेका छन् । त्यसपछि उनका अन्य समालोचनामा भूमिका सिद्धान्त र ज्ञवालीका भूमिका (२०६३), समालोचना पुष्प २०७१ प्रकाशित छन् । यी कृति उनको १३ वर्षे लामो समालोचना क्षेत्रमा गरेको योगदानको मुख्य उपलब्धि हो । समालोचना सम्बन्धी कृतिहरूमा विश्वेश्वर कोइरालाको जीवनको रहस्योघाटनको साथै उनको कष्टसाध्य जीवन, उनको उच्च व्यक्तित्व र साहित्यिक, सामाजिक व्यक्तित्वको बारेमा यथार्थ प्रस्तुत गरेको पाइन्छ । ती कृतिहरूमा ज्ञवालीले समालोचनाको पूर्ववर्ती विश्लेषण पद्धतिका राम्रा पक्षलाई ग्रहण गरेका र नराम्रा पक्षलाई छाड्नका साथै विश्लेषणका नयाँ सिद्धान्त एवं पद्धतिहरू पाइन्छ । उनको यस कृतिले समालोचनात्मक विश्षलेण, विवेचना, व्याख्या र मूल्याङ्कनलाई ज्यादै गहिरो यथार्थवादी र उत्तरदायी कार्य तुल्याएको छ ।

ज्ञवाली यस क्षेत्रमा आएर सैद्धान्तिक र प्रायोगिक दुवै समालोचनातर्फ सक्रिय छन् । उनका समालोचनाहरूमध्ये केही समालोचनाहरू सैद्धान्तिक समालोचनासँग सम्बद्ध छन् भने अरु समालोचनात्मक कृतिमा प्रायोगिक समालोचनासँग सम्बन्ध रहेको पाइन्छ । कुनै पनि कृतिको समालोचना गर्नुअघि सम्बन्धित कृतिको विषयवस्तु, उद्देश्य र भाषाशैलीको अध्ययन गरी सो कृतिले सामाजिक यथार्थको चित्रण गर्न सके नसकेको तर्फ इङ्गित गर्नुपर्छ भनने उनको मान्यता छ । समालोचकको काम लेखकको दार्शनिक आधारलाई छुट्याउनु र लेखकलाई न्याय दिनु पनि हो भन्ने उनको धारणा छ । कुनै पनि कृतिको समालोचना गर्नुअघि सो कृतिको लेखक कस्तो विचार र दर्शनबाट प्भावित छ । उसमा देशभक्ति र विश्ववन्धुत्वको भावना झल्किन्छ कि झल्किदैन भनने सवालमा ध्यान पुऱ्याउनुपर्छ । पुराना विचारलाई अध्ययन गर्दै नयाँ मान्यताको स्थापनाको निम्ति अग्रसर हुनुपर्छ भन्ने उनको राय रहेको छ । समालोचनामा वैचारिक रूपले पक्षपाती नगर्ने, असल र जनहितका पक्षमा वकालत गर्ने रचनाहरू छन् भने तिनको सम्मान गर्ने परिपाटी उनले अवलम्बन गरेका छन् । यसरी आफ्ना पूर्ववर्ती, समकालीन एवं पश्चवर्ती लेखहरूका विद्यमान कमजोरीलाई

सुधार्दै सही मार्गनिर्दिष्ट गर्नु र वस्तुनिष्ठ प्रवृत्तिका आधारमा कुनै पनि लेखक र उसका रचनाको लेखाजोखा र मूल्याङ्कन गर्नु उनको समालोचक व्यक्तित्वको धर्म हो ।

### ३.२.६ सम्पादक व्यक्तित्व

ज्ञाननिष्ठ ज्ञवालीले विविध क्षेत्रमा हात हालेर सफलता प्राप्त गरिसकेका छन् । ती सफल कार्यहरूमध्ये सम्पादन क्षेत्र पनि एक हो । ज्ञवालीले लेखन जीवनको आरम्भसँगै सम्पादन जीवनको पनि सुरु भएको मानन सकिन्छ भने सम्पादक जीवनसँगै समालोचक, कवि निबन्धकार र पुस्तककार कृतिहरूको रचनाको क्रममा विविध पत्रपत्रिकाका साथै अन्य कृतिहरू पनि सम्पादन गर्दै गरेको पाइन्छ ।

उनले गरेका भाषा सम्पदनहरू यहाँ उल्लेख गरिएको छ ।

१. खुला आकाश (नेपाली, भाग२)

२. खुला आकाश (गणित, भाग२)

३. सङ्गीत निबन्ध सग्रह (२०७१)

४. आधुनिक चीन र जापनको इतिहास (२०७३)

५. आधुनिक युरोपको इतिहास (२०७३)

ज्ञवालीको विचारमा सम्पादन गर्दा प्रजातान्त्रिक र वैज्ञानिक भावना भएका कुराहरूको मात्रा बढाउँदै लैजान खोज्नुपर्छ भने अप्रजातान्त्रिक र अवैज्ञानिक विचार भएका सामग्रीहरूको मात्रा घटाउँदै लैजानुपर्छ एवं स्वास्थ्य कुराको मात्र प्रचार हुनुपर्छ भन्ने रहेको छ । सम्पादक भएर काम गर्दा उनले रचनाको गुणदोष छुट्याएर तिनको राम्ररी पारख गरेर मात्र अस्वीकृत गरेको बताएका छन् । त्यसरी नै कवि लेखकसँग लेख रचनाहरू कसरी जाँच्नुपर्छ भन्ने विषयमा समेत छलफल हुने गरेको, जसले गर्दा समालोचनात्मक दृष्टिकोणले विकासमा आफूलाई सघाउ पुगेको उनले ठानेका छन् । यसरी सम्पादन कार्यमा लामो अनुभव सँगालेका ज्ञवालीले धेरै जनालाई सम्पादन कार्यमा लामो अनुभव सँगालेका ज्ञवालीले धेरै जनालाई सम्पादन गर्न पनि सिकाएका छन् । यसरी उनलाई विधमान कुशल, सफल र उतरदायित्वपूर्ण सम्पादन कार्यले नेपाली भाषा, साहितय र पत्रपत्रिकाको क्षेत्रमा ठूलो योगदान पुऱ्याएको छ । (शोधनायकबाट प्राप्त जानकारी)

## ३.३ निष्कर्ष

ज्ञाननिष्ठ ज्ञवाली सरल एवं सादा जीवन उच्च विचारका धनी व्यक्तित्व हुन् । कुण्ठहीन,। महत्वाकाङ्क्षाहीन, आशावादी र जीवनप्रति सकारात्मक सोच भएका ज्ञवालीका विभिन्न व्यक्तिहरूमध्ये साहित्येतरमा सामाजिक र पथप्रदर्शक व्यक्तित्व बढी मात्रामा देखिन्छ । उनका ती क्षेत्रमा देखापर्ने अनेकौ क्रियाकलापको असर विभिन्न व्यक्तिहरूको जीवनमा प्रत्यक्ष रूपमा देखापरेको पाइन्छ । कुशल सम्पादक र सरल भाषाशैलीका प्रयोक्ता ज्ञवालीको कविता, बालकथा, संस्मरण, निबन्ध, सम्पादन भाषिक अध्ययनमा रहेको योगदान पनि प्रशंसनीय छ । अन्य साहित्यकारले पूर्ण ध्यान नपुऱ्याएको विधामा सक्रियतापूर्वक लागेर ज्ञवालीले अनुसन्धानको क्षेत्रमा रहेको लेखनको कमीलाई बढवा दिएका छन् । तत्कालीन उपयोगी तथ्यसित पाठकलाई साक्षात्कार गराएका छन् । उनका विद्यमान, कार्यशैली, विचारको प्रष्टता र अभिव्यक्तिको कुशलताले गर्दा प्रशस्त प्रभावित भएकाले उनी आफ्नो क्षेत्रका अत्यन्त प्रभावशाली व्यक्तित्वका रूपमा प्रतिष्ठित हुन पुगेका छन् । प्रतिभाशाली अनेक व्यक्तिले उनलाई श्रद्धेय गुरु मानेको पाइएबाट उनको व्यीक्तको गरिमा स्वतः स्पष्ट हुन्छ ।

# अध्याय चार

# ज्ञाननिष्ठ ज्ञवालीको साहित्यिक तथा भाषिक कृतिहरूको अध्ययन

## ४.१ ज्ञाननिष्ठ ज्ञवालीको साहित्यिक यात्रा र चरण विभाजन

### ४.१.१ साहित्यिक यात्रा

विद्यार्थी जीवनदेखि नै विभिन्न साहित्यिक गतिविधिमा सहभागी हुन रुचि राख्ने ज्ञाननिष्ठ ज्ञवालीले वि.सं. २०५६ सालेदेखि नै आफ्ना कविता प्रकाशन गर्न थालेको चर्चा पहिलो र दोस्रो परिच्छेदमा नै गरिरकेको छ । वि.सं. २०५६ मा युगसम्वाद साप्ताहिक पत्रिकाबाट नेपाली साहित्य आकाशमा देखापरेका ज्ञवालीले हालसम्म साहित्यिक क्षेत्रमा अनवरत रूपमा सेवा गर्दै आफ्नो साहित्यिक साधनाको लगभग दुई दशक पार गर्न लागेको देखिन्छ । प्राध्यापन दर्शक पार गर्न लागेको देखिन्छ । प्राध्यापन पेसामा संलगन रहँदै आए पनि साहित्यिक कृतिहरूको रचनातर्फ पनि ज्ञवालीको निरन्तरता उल्लेखनीय छ । कविता लेखनबाट आफ्नो औपचारिक लेखन प्रारम्भ गरी नेपाली साहित्यमा समालोचना, कविता, बालकथा, निबन्ध, पाठ्यपुस्तक जस्ता विविध विधामा कलम चलाएका ज्ञवाली हाल नेपाली साहित्यका फाँटमा कुशल तथा सफल समालोचक तथा पाठ्यपुस्तकका लेखक हुन पुगेका छन् । वस्तुतः यस शीर्षकको उद्देश्य साहित्य साधनको यति छोटो समयमा पनि यति ठूलो प्रगति गरेका ज्ञवालीको साहित्यिक यात्रा तथा साहित्यिक प्रवृत्तिको विश्लेषण र विवेचना गर्नु एवम् उनको साहित्यिक यात्राको निरूपण गर्नु हो ।

### ४.१.२ चरण विभाजनको औचित्य र आधार

कुनै पनि साहित्यकारको साहित्यिक यात्रामा विभन्नि मोड र घुम्तीहरू आउँछन् । यस्ता मोडहरूले स्रष्टाका सृजना र प्रवृत्तिमा पनि परिवर्तनमा ल्याउन सक्छन् । त्यस्ता मोडहरूको पहिचान तथा वर्गीकरण गरी ती प्रत्येक मोडले साहित्यकारको रचनात्मक दृष्टिकोणमा ल्याएको अन्तर र मोड परिवर्तनका आधारभूत कारणसँग विभिन्न समयावधिमा लेखिएको कृतिहरूको अन्तः सम्बन्ध केलाएर मात्र साहित्यकारको मूल्याङ्कन गर्न सकिन्छ ।

कुनै पनि साहित्यकारको साहित्यिक यात्रामा विभन्नि मोडहरू देखा पर्नाका विविध कारणहरू हुन सक्छन् र यस्तो हुनुमा साहित्यकार उभिएको परिवेश र उसले भोगेको

जीवनको महत्वपूर्ण स्थान रहन्छ । जीवनको आरम्भिक साहित्यिक यात्रा र प्रौढावस्थाको साहित्यिक यात्रामा प्राय : सबै साहित्यकारहरूमा परिष्कार, परिमार्जन र दृष्टिकोणमै पनि परिवर्तन हुन सक्छ । यस्तो परिवर्तन गराउन सामाजिक अवस्था, समय, परिस्थिति, राजनीतिक पविर्तन, उमेरको परिपक्वता, साहित्यकारको चिन्तनमा गहनता आदि तत्वहरूले भूमिका खेलेका हुन्छन् । यस्ता विविध कारक तत्वहरूले स्रष्टाका सिर्जना परिवर्तन ल्याए भने उसका ती साहित्यिक कृतिहरूको विश्लेषण गर्न चरण विभाजन गर्नुपर्ने हुन्छ ।

साहित्यिकारको साहित्यिक यात्राको समग्र अध्ययन गर्न विभिन्न परिवर्तनले अप्ठ्यारो पारेमा उसको चरण विभाजन गर्नुपर्ने हुन्छ । त्यस्तै साहित्यिक रचनाको परिणाम, गुणस्तरमा परिवर्तन, साहित्यिक धारागत प्रवृत्तिको अर्न्तविकास, साहित्यिक रचनाहरूको कृतिगत सामग्रीको प्रकाशन आदिको आधार लिएर चरण विभाजन गर्नुपर्ने हुन्छ । यी आधारहरूमा ज्ञाननिष्ठ ज्ञवालीको दुई दशक लामो साहित्यिक यात्रामा खासै प्रवृत्तिगत परिवर्तन देखाउन सकिदैन । उनले शुरमा लेखेका समालोचनामा प्रयुक्त विषयवस्तुमा केही भिन्नता देखिए तापनि प्रवृत्तिगत परिवर्तन भने देखिँदैन । तथापि फुटकर रचना र पुस्तककार कृतिको रचनाकालका आधारमा उनका साहित्यिक यात्राको चरण विभाजन गर्दा दुई चरणमा गर्न सकिन्छ । वि.सं. २०५६ देखि वि.सं. २०६० सम्म फुटकर रचनाको चरण र वि.सं. २०६१ देखि हालसम्म पुस्तककार कृतिको चरण हुन्छ । तर यसलाई आधार मानेर चरण विभाजन सान्दर्भिक मानिदैन । त्यस्तै उनका कृतिहरूको परिष्कार, परिमार्जनका आधारमा चरण विभाजन गर्दा वि.सं. २०५६ देखि वि.सं. २०६० सम्म अभ्यासिक चरण र वि.सं. २०६१ देखि हालसम्मको लेखनलाई परिष्कार, परिमार्जन वा परिपक्वतातिर उन्मुख चरण भन्न सकिन्छ ।

उपयुक्त आधारमा साहित्यिक यात्राको  चरण विभाजन गर्नु त्यति सान्दर्भिक भने होइन । पहिले लेखेका कृतिहरूलाई परिष्कार र परिमार्जन गरिनुलाई नयाँ चरण भन्न त्यति नसकिएला । त्यसकारण साहित्यकारको साहित्यिक यात्राको चरण विभाजन साहित्यिक प्रवृत्तिकोआधारमा गर्नु नै उपयुक्त देखिन्छ । यहाँ साहित्यकार ज्ञवालीको साहित्यिक यात्रालाई कुनै पनि विभाजनको सीमा नलाएर उनका साहित्यिक कृतिहरूको विधागत काल क्रमिक रूपमा चर्चा गर्नु नै औचित्यपूर्ण ठानेर तिनै कृतिहरूको आधारमा कृतिगत विशेषताको निरूपण गर्ने प्रयास गरिएको छ ।

### ४.१.३ विधागत साहित्यिक यात्रा

साहित्यकार ज्ञवालीको साहित्यिक यात्राको थालनी कविता विधाबाट भएको हो । उनले वि.सं. २०५६ देखि हालसम्म १३ वटा कविताहरू प्रकाशित गरिसकेका छन् । ती हुन् 'जन्मभूमिको सम्झना' २०५६ 'नव वर्ष' २०६७ 'मन' २०६१ 'बालक हामी कोपिला' २०६२ , 'पौरख गर' २०६२ 'मेरो गाउँ' २०६२ 'कलम साथी', २०६३, 'नयाँ जमाना' २०६४, 'काठमाडौं हराधरा' २०६५ 'सहिदको सम्झना' २०६६ सुन्दरीजल जाऔँ २०६६ आदि हुन् । यो कविताहरूमा ज्ञवालीको आफ्नो जन्मभूमिको बारेमा बताइएको छ । नयाँ वर्षको शुभकामना, आफ्नो मन मतिष्कको बारेमा, बालकको अज्ञानता, पोरख गर्नु काठमाडौं हराभरा आदिको बारेमा वर्णन गरिएको छ । स्वदेशका र खास गरी काठमाडौं उपत्यका वरपरको भूगोलको, संस्कृति, जन जीवन, शैली आदिका बरोमा उनले कवितामा उतारेका छन् ।

साहित्यिकार ज्ञवालीको साहित्यको अर्को विधा निबन्ध विधा हो । उनका निबन्धहरूमा लोकतन्त्रको स्वाद २०६७ व्यङ्ग्य निबन्ध संग्रह हो । उनका अन्य निबन्धहरूमा स्वर्ण पदका र निजथी स्कुल भूमिकाको भूमिका, चिन्तन र चरित्रकोद्वन्द्व, काठमाडौं देखि रिडीसम्म, मेरो हृदय आदि छन् । यी निबन्धहरूमा जीवनको भोगाइका सुख दःखका क्षणहरू, सामाजिक, राजनीतिक, सांस्कृतिक अवस्थालाई विषयवस्तु बनाइएको पाइन्छ ।

साहित्यकार ज्ञवालीको साहित्य सिर्जनाको प्रमुख क्षेत्र रूपमा रहेको समालोचना क्षेत्र निकै उर्वर देखिन्छ । वि.सं. २०६१ सालमा आख्यानकार विश्वेश्वर प्रसाद कोइरालाको कृति लेखेका ज्ञवालीले हालसम्म थुप्रै फुटकर समालोचना र ३ वटा समालोचनात्मक कृति प्रकाशित गरेका छन् । उनका फुटकर समालोचनाहरू विभिन्न पत्रिकामा प्रकाशित भएका छन् । उनको आख्यानकार विश्वेश्वर प्रसाद कोइराला पछिको समालोचना भूमिका सिद्धान्त र ज्ञवालीका भूमिका (२०६३) हो भने अर्को समालोचना समालोचना पुष्प (२०७१) हो । उनका समालोचनात्मक रचना र कृतिहरू अनुसन्धानात्मक, शोधमूलक, खोजमूलक, यथार्थवादी र वस्तुपरक भएको पाइन्छ ।

ज्ञवालीका ३ वटा समालोचनात्मक कृतिका साथै फुटकर समालोचनात्मक लेखहरू प्रकाशित हुँदै आइरहेका छन् । यी पुस्तककार कृतिहरूसँगै उनका समालोचनात्मक लेखन गहन र प्रौढ भएको अनुभव हुन्छ । ज्ञवालीले समालोचनाका साथै केही कृतिमा भूमिका लेखेका छन् । ज्ञवाली संस्कृत भाषा साहितयका अध्येता हुन् ।

त्यस्तै उनले पाठ्यपुस्तकको रूपमा अनिवार्य नेपाली अभ्यास पुस्तक कक्षा ८ ( २०६५) अनिवार्य नेपाली अभ्यास पुस्तक कक्षा ९ (२०६५), अनिवार्य नेपाली अभ्यास पुस्तक कक्षा १० (२०६५) र अनिवार्य नेपाली कक्षा (१०+२) (२०६६) हो । यी दुवै कृतिको अध्ययनमा पनि स्पष्ट हुन्छ । ज्ञवाली समीषा एवं समालोचनाका क्षेत्रमा छुट्टै पहिचान राख्ने कुशल समालोचक हुन् ।

साहित्यकार ज्ञवालीको साहित्यको अर्को पाटो बालकथा विधा पनि हो । उनको पहिलो बालकथा 'किम्बुको मसी' (२०६२) दोस्रो सं. (२०७०) हो भने अन्य बालकथामा जनावरहरूको सभा (२०६२), पाँचौ संस्करण (२०७२) विशाल र रीताको सफलता (२०६८), 'खरायोको पोको' (२०७०), केटाकेटीको पुस्तकालय (२०७१), रमाउँदै पढौं (२०७१), हजुरआमा र नातिनातिना (२०७१) कृतिहरू प्रकाशित छन् । यी बालकथाहरूमा बाल मनोविज्ञान, सामाजिक, आर्थिक, धार्मिक, नेपाली समाजमा आधारित विभिन्न परम्परा रीतिरिवाजलाई विषयवस्तु बनाई, सरल, सरस, मनोरञ्जनात्मक ढैगले प्रस्तुत गरेको पाइन्छ ।

साहित्यकार ज्ञवालीको साहित्यक यात्रा कविताबाट प्रारम्भ भएको हो । उनले सिर्जना गरेका विधाहरूमा कविता, बालकथा, निबन्ध यात्रा संस्मरण, समालोचना हुन् । ती मध्ये उनलाई साहित्यिक प्रतिष्ठा प्रदान गर्ने समालोचना सिर्जना नै हो । तथापि बालकथा कृतिपनि थुप्रै छन् । जुन गुणात्मक र परिमाणात्मक रूपले उच्च पनि छ । उनलाई कविता, बालकथा, निबन्ध विधाले पनि उत्तिकै चिनाएको देखिन्छ । उनका सबै खाले सिर्जनाहरू समान रूपले अगाडि बढेको देखिन्छ ।

ज्ञवाली आधुनिक नेपाली साहित्यका बहुमुखी र विधितापूर्ण योगदान गर्ने महत्वपूर्ण प्रतिभा हुन् । प्रायोगिक समालोचनाको साथै सैद्धान्तिक समालोचनाको क्षेत्रमा उनको योगदान प्रशस्त छ । वस्तुपरक मान्यतालाई प्रस्तुत गर्न सषम उनका समालोचनात्मक रचनाहरूले उल्लेख्य भूमिका निर्वाह गरेका छन् । उनको लेखन छिरिलो नभएर सुगठित छ ।

विश्लेषणात्मक छ, व्याख्यात्मक र मूल्याङ्कनात्मक छ । समाजमा विद्यमान दमन, शोषण, अन्याय, अत्याचार, रुढिवादी परम्परा, कुसंस्कार विरुद्धको बुलन्द आवाजलाई उनको लेखनले गतिप्रदान गरेको छ । लेखनको निरन्तरता र निष्ठा, कृतिहरूलाई न्यायोचित रूपले व्याख्या विश्लेषण गर्ने खुबी भएका ज्ञवाली जल्दाबल्दा समालोचकहरूको माझमा उच्चकोटीका समालोचकका हुन् । नेपाली समालोचनाको क्षेत्रमा उनको स्थान अतुलनीय छ ।

## ४.२ कृति विश्लेषणको आधार

साहित्यका प्रायः विधामा कलम चलाउँदै आएका ज्ञाननिष्ठ ज्ञवालीका फुटकर र पुस्तककार कृतिहरूको सूची लामो छ । उनले समालोचनात्मक कृति, कविता, कथा, निबन्ध, यात्रा संस्मरण, पाठ्यपुस्तक आदि लेखेर प्रकाशित गराउँदै आएका छन् । यस अध्ययनको प्रयोजनलाई हेर्दा उनका कृतिहरूमध्ये यहाँ कविता, बालकथा, निबन्ध , समालोचना कृतिलाई अध्ययन र विश्लेषणको आधार बनाइएको छ । उनका कविताहरू प्रकाशनका मिति क्रममा आधारमा हेर्दा ती यसप्रकार रहेका छन ।

**४.३ क) कविता**

| क.सं. | शीर्षक | प्रकाशन वर्ष | विधा | पत्रिका |
|---|---|---|---|---|
| != | जन्मभूमिको सम्झना | @)%^ | कविता | युगसम्वाद साप्ताहिक पृ. ६ |
| @= | नव वर्ष | @)%& | कविता | वन्दना साहित्यिक त्रैमासिक वर्ष १९ अंक १५४४ |
| #= | मन | @)^! | कविता | सचेत नेपाल, राष्ट्रिय भाषिक, वर्ष, १ अ. ४ पृ. २२ |
| $= | बालक हामी कोपिला | @)^@ | कविता | कान्तिपुर, कोपिला, पृ. ग |
| %= | पौरख गर | @)^@ | कविता | गोरखापत्र पृ. ख |
| ^= | मेरो गाउँ | @)^@ | कविता | मासिक बालप्रकाशन, मुना, वर्ष १६, अ. ४ र १८४, पृ.८ |
| &= | कलम साथी | @)^# | कविता | कान्तिपुर कोपिला, पृग |
| * | बसन्तको आगमन | @)^# | कविता | रिकाष्ट स्मारिका पृ. १०२ |
| (= | नयाँ जमाना | @)^$ | कविता | युवामन्च, वर्ष २० अंक ४, पृ. ४५ |
| !) | काठमाडौं हराभरा | @)^% | कविता | मनोभाव, त्रैमासिक, वर्ष, १३ पृ. ३६ पृ. १४ |
| !! | सहिदको सम्झना | @)^^ | कविता | मधुपर्क, वर्ष ४२, अङ्क १ पूर्णाङ्क ४८० पृ. ६ |
| !@ | सुन्दरीजल जाऔ | @)^^ | कविता | मासिक बालप्रकाशन, मुना, पृ. ५ |
| !# | हाम्रा ढोकाहरू | @)^$ | कविता | निरन्तर खुला ढोका, सिद्धार्थ आर्ट, ग्यालरी पृ. ११३ - ११४ |

ख) समालोचना

| क.सं. | कृतिको नाम | प्रकाशन वर्ष | विधा | प्रकाशक |
|---|---|---|---|---|
| १. | आख्यानकार विश्वेश्वर | २०६१ | समालोचना | हजुरको प्रकाशन प्रा. लि. |

| | | | | |
|---|---|---|---|---|
| | प्रसाद कोइराला | | | प्रदर्शनी मार्ग |
| २. | भूमिका सिद्धान्त र ज्ञवालीका भूमकिा | २०६३ | समालोचना | हजुरको प्रकाशन प्रा. लि. प्रदर्शनी मार्ग |
| ३. | समालोचना पुष्प | २०७१ | समालोचना | सविता भट्टराई |

ग) निबन्ध

| क्र.सं. | कृतिको नाम | विधा | प्रकाशन वर्ष | पत्रिका |
|---|---|---|---|---|
| ! | लोकतन्त्रको स्वाद | निबन्ध | @)^& | दायित्व, वर्ष, २६ पृ. ८२ पृष्ठ ४९ |
| @ | स्वर्णपदक र निजीस्कुल | निबन्ध | @)^@ | कान्तिपुर दैनिक, पृ. ६ |
| #= | भूमिकाको भूमिका | निबन्ध | @)^! | कान्तिपुर दैनिक पृ. ६ |
| $ | चिन्तन र चरित्रको द्वन्द्व | निबन्ध | @)^@ | कान्तिपुर दैनिक पृ. ७ |
| % | काठमाडौं देखि रिडिसम्म | निबन्ध | @)^# | शार्दूल त्रैमासिक वर्ष, २ अंक २-३ पूर्णाङ्क २ पृ. १४८ - १५० |
| ^ | कोपिला फ्रकिएनछ | निबन्ध | @)%& | जम्को, साहित्य पत्रिका, वर्ष ३ अंक ४,५,६ पृ. ५५४-५५ |
| & | मेरो हृदय | निबन्ध | @)^# | जनमत, साहित्यिक मासिक वर्ष २३, अंक ५-६ पृ. ११ - १३ |
| *= | मेरो सुख | निबन्ध | - | |
| ( | नेपाली भाषा र हाम्रा विद्यार्थी | निबन्ध | @)^% | पृ. २८ |
| !) | प्राथमिक तहका भाषा | निबन्ध | @)^@ | पृ. ६ |
| !! | शिक्षण प्रक्रियाका | निबन्ध | @)^@ | पृ. ८ |

| | | | | |
|---|---|---|---|---|
| | महत्वपूर्ण पक्ष | | | |
| !@ | शिक्षण, बालबालिका र पाठयोजना | निबन्ध | @)^# | पृ. २ |
| !# | धरान र वराह क्षेत्रको भ्रमण | निबन्ध | @)^# | पृ. १७-२१ |
| !$ | बितेका केही दिन | निबन्ध | - | - |
| !% | पैसा र मानव | निबन्ध | @)^@ | पृ. ८ |
| !^ | धनी मान्छे | निबन्ध | @)^# | पृ. ८ |
| !& | प्राध्यानाध्यापकहरू | निबन्ध | @)^$ | पृ. ८ |

घ) पुस्तक परिचय

| क.सं. | कृतिको नाम | विधा | k\|sfzg jif{ | पत्रिका |
|---|---|---|---|---|
| ! | अध्यात्मिक चिन्तनको संगालो | पुस्तक परिचय | @)^! | कान्तिपुर प. ७ |
| @ | तीर्थ पर्यटनः पाठकका लागि तीर्थ | पुस्तक परिचय | @)^@ | सचेत नेपाल मासिक, वर्ष २ अंक २ पृ. ४१-४२ |
| # | छन्दको आनन्द | पुस्तक परिचय | @)^@ | कान्तिपुर दैनिक पृ. ७ |
| $ | आत्मिय सुख | पुस्तक परिचय | @)^@ | कान्तिपुर दैनिक पृ.७ |
| % | आमाको महिमा | पुस्तक परिचय | @)^@ | कान्तिपुर दैनिक पृ.७ |
| ^ | बालकृति समीक्षा सग्रह | पुस्तक परिचय | @)^@ | कान्तिपुर दैनिक पृ.७ |
| & | आमसञ्चार र नेपाली भाषा | पुस्तक परिचय | @)^$ | गोरखापत्र, पृ. २ |

| | | | | |
|---|---|---|---|---|
| * | स्वप्नयात्रा भित्रको यात्रा | पुस्तक परिचय | @)^# | मधुपर्क, वर्ष ३९, अंक ८ पूर्णाङ्क ४५१ पृ. २२ |
| ( | पत्र सञ्चयनमा सञ्चरण गर्दा | पुस्तक परिचय | @)^$ | मधुपर्क, वर्ष ४० अंक ८, पूर्णाङ्क ४६३ पृ. १६ |
| ! ) | उत्तर आधुनिक दृष्टि | पुस्तक परिचय | @)^% | नेपाल, वर्ष ८ अंक ४० पृ. ५४ |
| ! ! = | महिला समालोचक र नेपाली समालोचक | पुस्तक परिचय | - | - |
| !@ | पाठशालाका सिर्जना | पुस्तक परिचय | @)^% | चिचिला राष्ट्रिय बालपत्रिका वर्ष २१, क्रमाङ्क २१५, पृ. १४ |

ङ) समीक्षा

| क.सं. | कृतिको नाम | विधा | प्रकाशन वर्ष | पत्रिका |
|---|---|---|---|---|
| १. | शान्तिको मनका तरङ्गहरू | समीक्षा | २०६६ | गरिमा, वर्ष २८, अंक १ पृ. ३२५ पृ. १२७-१२८ |
| २. | कवि देवकोटाको शाहजहाँको इच्छा कविताको विवेचना | समीक्षा | २०६२ | नव आकांक्षा वर्ष ५, अंक १, पृ. ३०-३१ |
| ३. | भूमिका लेखनका रूपमा कृष्णप्रसाद पराजुली | समीक्षा | २०६६ | साहित्य र सिर्जना |

च) बाल साहित्य

| क.सं. | कृतिको नाम | विधा | प्रकाशन वर्ष | पत्रिका |
|---|---|---|---|---|
| १. | किम्बुको मसी | बालसाहित्य | २०६२ | अन्नपूर्ण पोष्ट, पृ. ८ |
| २. | जनावरको सभा | बालसाहित्य | २०६२ | अन्नपूर्ण पोष्ट पृ. ८ |

| | | | | |
|---|---|---|---|---|
| ३. | सफल जीवन | बालसाहित्य | २०६४ | चिचिला वर्ष २१, क्रमाङ्क २१८ पृष्ठ १७ |
| ४. | विशाल र रीताको सफलता | बालसाहित्य | २०६८ | कोपिला, पृ. ज |
| ५. | रुम टु रीडबाट | बालसाहित्य | २०७० | |
| ६. | खरायोको पोको | बालसाहित्य | २०७० | |

छ) विविध

| क.सं. | कृतिको नाम | विधा | प्रकाशन वर्ष | प्रकाशक |
|---|---|---|---|---|
| != | गुल्मी परिचय | | @)^@ | |
| @ | धौलाश्री युगवानी | | @)^@ | |
| # | डिल्लीजङ गुरुङ समुच्चय | | @)^# | |
| $ | सिसार (अङ्क ५ देखि १३ सम्म) | | @)^# | सिसार प्रकाशन, काठमाडौं |
| % | ज्ञवाली स्मारिका | | @)^& | |
| ^ | डा. हरिभक्त नेउपाने अभिनन्दन ग्रन्थ | | @)^& | |
| & | नियत्ती कथा सग्रह | | @)^( | |
| *= | ढुङ्गाको मन, गीन गजल सग्रह | | @)&! | |
| ( | वनवासी कविता सग्रह | | @)&! | |
| !) | घातैघात, कथा सग्रह | | @)&! | |
| !! | परेवा र सानोबाबु, बाल कथा सग्रह | | @)&! | |
| !@ | पाँच औंलाको झगडा, सचित्र बालकथा | | @)&! | |

| | | | | |
|---|---|---|---|---|
| !# | सरल मजन सग्रह | | @)&! | |
| !$ | मेरो सिकाइको साथी, शैक्षिक बालगीत | | @)&! | |
| !% | बेहुला बेहुली, सचित्र बालकथा | कथा | @)&! | |
| !^ | मेरो बाहुनडाँडा, गीति काव्य | | @)&@ | ई. डा. हेमनाथ घिमिरे लीलामाया घिमिरे |
| !& | वर्षका सन्तति, काव्य | | @)&# | प्रदीप पौड्याल विशला पौड्याल स्मृति गिरी पौड्याल |
| !* | भावनाका झुल्काहरू | कविता | @)&# | |
| !( | स्रष्टा सृष्टि केही दृष्टि | समालोचना | @)&# | सिसार प्रकाशन काठमाडौं |

## ४.३ भूमिका सिद्धान्त र ज्ञवालीका भूमिकाको अध्ययन

साहित्यिक सिर्जना, समालोचना र बालसाहित्यका क्षेत्रमा सक्रिय युवा साहित्यकार ज्ञाननिष्ठ ज्ञवालीको नयाँ कृति “भूमिका सिद्धान्त र ज्ञवालीका भूमिका” शीर्षक कृति प्रकाशित भएको छ । नेपाली साहित्यमा भूमिका विषयमा लेखिएको यो पहिलो कृति हुनाले पनि यस कृतिको महत्ता र विशेषता देखिन्छ ।

पुस्तकमा भूमिका लेखाउने प्रचलन पुरानो हो । प्रायजसो पुस्तकमा कसै न कसैको भूमिका हुने गरेको पाइन्छ तर भूमिका वास्वतमा के हो ? यो कस्तो हुनुपर्छ ? र नेपाली साहित्यमा भूमिका कसरी लेखिएका छन् ? भन्ने बारे चाहिँ चर्चा, परिचर्चा अत्यन्त कम भएका छन् । यस्तो स्थितिमा ज्ञाननिष्ठ ज्ञवालीले यस विषयलाई पहिलोपटक सचेत रूपमा उठाएर यसबारे बहसको प्रारम्भ गरेका छन् ।

प्रस्तुत पुस्तक चारखण्डमा विभाजित छ । पहिलो खण्डमा “भूमिको सेद्धान्तिक चर्चा” गरिएको छ भने दोस्रो खण्डमा रामप्रसाद ज्ञवालीको भूमिकाको अध्ययन, वर्गीकरण

तथा मूल्याङ्कन गरिएको छ । तेस्रो खण्डमा "आफ्ना कृतिमाथि रामप्रसाद ज्ञवालीद्वारा लेखिएका भूमिकाहरू र चौथो खण्डमा अन्य लेखकका कृतिमाथि रामप्रसाद ज्ञवालीद्वारा लेखिएका भूमिकाहरू रहेका छन् । वास्तवमा यस पुस्तकको महत्वपूर्ण खण्ड भनेको पहिलो खण्ड नै हो । जसमा २१ पृष्ठमा भूमिकाका बारेमा सैद्धान्तिक चर्चा गरिएको छ । पुस्तक अनुसार नेपाली साहित्यमा भूमिका लेखनको चलन युवाकवि मोतीराम भट्ट बाट सुरु भएको हो । वास्तवमा पुस्तकको पहिलो र दोस्रो खण्ड मात्र लेखकको लेखेका हुन् । अरु दुई खण्ड भने साहित्यकार रामप्रसाद ज्ञवालीका रचना हुन् । यस प्रकार पुस्तकको चार खण्डको दुई खण्ड मात्र ज्ञाननिष्ठ ज्ञवालीको र बाँकी खण्ड रामप्रसाद ज्ञवालकिो भएको स्पष्ट हुन्छ ( मधुपर्क २०६४ भदौ वर्ष ४० अंक ४ पूर्णाङ्क ४५९, पृष्ठ २२) ।

नेपाली साहित्यमा भूमिका लेखन निकै लोकप्रिय हुँदै आएको छ तर पुस्तकको पहिलो खण्डमा भूमिकाबारे जति चर्चा हुनु पर्ने थियो, त्यति भने हुन सकेको देखिँदैन । नेपाली साहित्यमा लेखिएका भूमिकाबारे वर्गीकरण गरिए पनि त्यसको विस्तृत चर्चा परिचर्चा भने पुस्तकमा पाइन्न । नेपाली साहित्यका विभन्नि कृतिमा लेखिएका महत्वपूर्ण र चर्चित भूमिकाबारे विशद् र विश्लेषणात्मक चर्चा पनि पुस्तकमा छैन । यस कृतिले भूमिका बारे विषयसम्म उठान गरेको छ तर यसबारे विस्तृत खोजी, अध्ययन र विश्लेषण भने अरुकै जिममा दिइएको छ । यथार्थमा यो कृति रामप्रसाद ज्ञवालीद्वारा आफ्ना र अरुका पुस्तकमा लेखिएका भूमिकाकै सेरोफेरोमा केन्द्रित रहेको छ । हुन त लेखक स्वयंले पुस्तकको बहसका निम्ति प्रारम्भ गरें । शीर्षकको भूमिकामा स्वीकारेका पनि छन् : भूमिका सिद्धान्त निर्माण गर्ने प्रयास धेरै श्रम गर्नु परे पनि मैले यसमा पूर्णता आएको मानेको छैन । यो त म बाट बहसका निम्ती प्रारम्भ भएको उचित प्रयासमात्र हो । यसलाई पूर्णता दिने काम हुनैपर्छ (समय साप्ताहिक २०६४) ।

जे होस्, नेपाली साहित्यमा भूमिका सैद्धान्तिक  विषयमा लेखिएको पहिलो पुस्तकका रूपमा भने यस कृतिको महत्व देखिन्छ । ज्ञवालीले शुरु गरेको यो बहसलाई उनी र अन्य लेखकले अघि बढाउँदै लग्नुमा नै यस कृतिको उपादेयता र महत्व रहेको छ । कुनै पनि विषयमा पहिलो पटक कलम चलाउँदा थुप्रै समस्या देखिन्छन् । कृतिकार ज्ञाननिष्ठ ज्ञवालीलाई पनि यो समस्या पर्ने स्वाभाविकै हो तर पनि लामो समय लगाएर भए पनि

उनले जुन कृति तयार पारको छन् । यसलाई एउटै व्यक्ति माथी मात्रै केन्द्रित रहेर तयार पार्नुभन्दा अलि फराकिलो हुन सकेका भए झनै महत्व पाउने थियो ।

युवाकवि मोतीराम भट्टले आदिकवि भानुभक्तको पुस्तक रामायणमा भूमिका लेखी नेपाली साहित्यमा भूमिका लेखनको थालनी गरेका थिए । अहिले आएर अर्का युवा लेखक ज्ञाननिष्ठ ज्ञवालीले भूमिका सिद्धान्त प्रतिपादन गर्ने सोच राख्दछन् । आफ्ना अग्रज एवम् समयसमयमा उत्साह जगाउने, सजग गराउने, सहिबाटो देखाउने बहुमुखी प्रतिभाका धनी रामप्रसाद ज्ञवालीको लेखनबाट अत्यन्तै प्रभावित लेखक तिनकै भूमिकाहरू संकलन गर्ने सोच राख्दै अनुमति समेत प्राप्त गरेपछि फरक फरक विशेषता बोकेका योजनाबद्ध ढगंले तयार पारिएका कृतिलाई पूर्ण रूपले पढेर लेखिएका र ऐतिहासिक महत्व बोकेका भूमिकालाई यसमा समेटेका छन् । तिनका आफ्नै एवम् अन्य स्रष्टाका ३३ वटा पुस्तकहरूमा प्रकाशित ३४ वटा भूमिकाहरूको पूर्ण पाठ प्रस्तुत गर्दै त्यसलाई विधागत रूपमा छुट्याई गहन विवेचना समेत प्रस्तुत गरेका छन् । अध्ययनको क्षेत्र पनि यिनै भूमिकाहरूलाई बनाएका छन् (गरिमा अशोज, २०६६ वर्ष २७ अङ्क १०)

यस पुस्तकमा लेखकले विभिन्न विद्वानहरूसँग गहन छलफल एवम् विचार विमर्श गरी भूमिकाको अर्थ र परिभाषा प्रस्तुत गरेका छन् । भूमिका लेखनको परम्परा भूमिकाका प्रकार भूमिका लेखनका कारणहरू, विधागत स्वरूपका सर्न्दभमा भूमिका लेखन र समिक्षा, भूमिका लेखाउँदा व्यक्त छनोटको प्रकृया भूमिका लेखनको औचित्य र महत्वबारे गहन विश्लेषण गर्दै निष्कर्ष समेत निकालेका छन् । उनी लेख्छन् "एउटै वाक्यमा भन्नुपर्दा विधागत विशिष्टताका आधारमा कृतिको सङ्क्षिप्त मूल्याङ्कन, सम्प्रेषणयुक्त भाषाशैली, मार्मिक एवम् गहन विचारको सार्न्दभिक प्रस्तुति र कृति विश्लेषणका महत्वपूर्ण ऐतिहासिक तथ्यहरूको समेत सुत्रात्मक जानकारी प्रस्तुत गरी लेखिएको सरह एवम् सारपूर्ण भूमिका नै उत्कृष्ट भूमिका हो ।"

अन्त्यमा आकर्षक आवरणले सजिएको यस पुस्तकको जम्मा २२२ पृष्ठहरू साधारण

## ४.५ समालोचना पुष्को अध्ययन

कालखण्डका हिसाबले समालोचना पुष्पमा समालोचकले केही पुराना र केही नयाँ कृतिको विश्लेषण प्रस्तुत गरेका छन् र विधागत रूपमा पनि विविधतालाई समेट्ने प्रयत्न

गरेको देखिन्छ । मानवीय एवम् सामाजिक स्थिति माथि गहन अन्तर्दृष्टि रहेका कृतिहरू कहिल्यै पुराना हुँदैनन् । यस्ता कृतिमा स्रष्टाले वैयक्तिक संवेदनालाई भन्दा बढि सामाजिक संवेदनालाई समेट्ने अधिकतम प्रयत्न हुने हुनाले त्यस्ता कृति वर्षौ पछि सम्म पनि समालोचकका आँखामा परिरहन्छन् । यस संग्रहमा पनि २०१० को दशकका तरुण तपसी र बसाइँमा समालोचकका आंखा पुगेका छन् । यस सग्रहमा क तरुण तपसी महाकाव्यको विश्लेषण, स्रष्टा र समयको परिक्रमा, भारतीय नेपाली कथा विशेषाकको अधययन, भारतीय नेपाली एकांकीको अध्ययन बसाई उपन्यासको विश्लेषणा, 'अनिता' उपन्यास : एक चर्चा शीर्षकमा ६ वटा समालोचना समेटिएका छन् । कृतिपरक विश्लेषणमा आधारित रहेका यी समालोचना बौद्धिक पाठकलाई भन्दा सामान्य पाठकका लागि आवश्यक सामग्री बन्न सक्छन् (गोरखापत्र २०७१) ।

समालोचना पुष्पमा रहेको पहिलो समालोचना तरुण तपसी महाकाव्इको विश्लेषणमा पूर्वीय काव्यीय शास्त्रीय मान्यतालाई आधार मानिएको छ । यसमा कवि शिरोमणि लेखनाथ पौड्यालको तरुण तपसीलाई काव्यशास्त्रीय विश्लेषण गर्दै यस काव्यमा विश्व समाजलाई समेटिएको र यसको केन्द्रमा विश्व मानवतावाद रहेको निष्कर्ष दिइएको छ । तरुण तपसीको प्रबन्धात्मक स्वरूपबारे नेपाली समालोचना परम्परामा भएका प्रमुख बहसलायृ समेट्दै यसलाई महाकाव्यकै रूपमा पुष्टि गर्न खोजेको भएपनि तयो सबल हुन सकेको छैन । लेखकले तरुण तपसीलाई नविन विश्लेषण गर्नु जरुरी छ भन्ने आवश्यकतातर्फ संकेत गरेको भए पनि त्यो नविन विश्लेषण नगरी पुरानै परम्परित मान्यतालाई विश्लेषणको आधार बनाएका छन् । स्रष्टा र समयको परिक्रमा देवेन्द्र भट्टराईको स्रष्टा र समय माथिको आलेख हो । यसमासंरचना विविध सन्दर्भ भाषाशैली जस्ता आधारमा गरिएको कृति विश्लेषण सँगसँगै उक्त कृतिमा रहेका केही स्रष्टाका अभिव्यक्तिलाई उद्धित गरी पाठकलाई त्यकसकृतिप्रति आर्कषित गरिएको छ । भारतीय नेपाली कथा विशेषांकको अध्ययन र भारतीय नेपाली एकांकी विशेषांकको अध्ययन र शीर्षकका समालोचनामा भारतको आसभबाट प्रकाशित हुने साहित्यिक पत्रिका विन्दुका कथा र एकांकी विशेषांकमा संकलित सिर्जनाको विषय परिचयात्मक विश्लेषण गरिएको छ । बसाइँ उपन्यासको विश्लेषण शीर्षकको पाँचौ समालोचनामा लीलालबाहादुर क्षेत्रीको चर्चित उपन्यास बसाइँ उपन्यासलाई उपन्यास तत्वका आधारमा विश्लेषण गरी सरल र सहज शैलीमा निम्नवर्गीय नेपालीहरूको जनजीवन प्रस्तुत गर्ने यथार्थपरक उपन्यास भनिएको छ । यस संग्रहको

अन्तिम समालोचना उपन्यासकार डायमव्डशमशेर राणाको अनिता उपन्यासमा केन्द्रित छ । अनिता उपन्यासः एक चर्चा शीर्षकको यो लेख शीर्षक अनुसार नै अनिता उपन्यासको सामान्य चर्चामै सीमित रहेको छ । यसमा उपन्यासबारेका लेखकका अवधारणा र उपन्यासको कथालाई खण्डगत रूपमा प्रस्तुत गरिएको छ (देशान्तर साप्ताहिक २०७१ भदौ १ गते आइतबार, पृष्ठ ६)

समालोचना पुष्पमा लेखकले विविध कृतिबारेको विश्लेषणलाई स्पष्ट रूपमा पाठकसामु राखेका छन् । तुलनात्मक रूपमा तरुण तपसी र बसाइँमा केन्द्रित समालोचना विश्लेषणको गहिराइतर्फ पुग्न खोजेको भए पनि अन्य समालोचना कृतिको कथा वस्तुमै सिमति रहेका छन् । विषयगत विविधतालाई समेटिएको यस संग्रहले समालोचनाका विविध स्वरूपलाई समेट्न सकेको भए आवरणको पुष्पले अझ गम्भीर अर्थ घोतक गर्न सक्ने थियो । तथापि परम्पारित समालोचना लेखकको शृंखलामा यो कृति जोडिन आएको छ ।

## ४.६ केटाकेटीको पुस्तकालय बालकथाको विश्लेषण

हिमाल साप्ताहिक, २०७१ मङ्सिर १४-२० पृष्ठ ५२ ले प्रकाशन गरेको हो । यो एस.एल्.सी उत्तीर्ण विद्यार्थीले फुर्सदको समयलाई समाजसेवामा लगाएको कथा हो ।

लक्ष्मण, सन्दीप, सुस्मिता विशष्टि श्रेणीमा एस.एल.सी. पास भएपछि अरु साथीहरूसँग गाउँबाट काठमाडौं घुम्न आउँदा राजधानीको कोलाहल र जताततै लथालिङ्ग भौतिक संरचनाबाट दिक्क हुन्छन् । साँधुरा सडकसँग टाँस्सिएका घरहरूले उनीहरूलाई उकुसमुकुस बनाउँछ । गाउँ फर्कने क्रममा आफ्नै उमेरका पाँच जना केटाकेटीको कुरा सुनेपछि उनीहरूले पुस्तकालय खोल्ने योजना बनाउँछन् । योजना कार्यान्वयन गर्न उनीहरूले जन्मदिन मनाउने पैसा बचाउन थाल्छन् । तिहारमा भैलो र फागुपूर्णिमामा फागु खेलेर पैसा जम्मा पार्छन् । त्इतिले पनि नपुगेपछि उनीहरू आफूहरूले पढेको विद्यालयका शिक्षकसँग सहयोग माग्न पुग्छन् । यसी गाउँ विकास समितिको भवनको एउटा कोठाबाट उनीहरूले शुद्ध भएको पुसतकालय पछि आफ्नै भवनमा सर्छ (अन्नपूर्ण २०७१) ।

पुस्तकालयका लागि पैसा जम्मा गर्ने प्रस्ताव अनुले राखेकी हुन्छिन् भने फागु खेल्ने प्रस्ताव विनुको हो । किशोर उमेरका पात्रहरूमार्फत बालबालिकालाई समाजसेवामा लाग्न

प्रेरित गर्नु यो किताबको सबल पक्ष हो । कथाले नारीहरूलाई मितव्ययी र योजनाबद्ध ढंगले काम गर्न सकिाउँछ (हिमाल साप्ताहिक २०७१) ।

## ४.७ जनावरहरूको सभा बालकथाको विश्लेषण

जनावरको सभा ज्ञाननिष्ठ ज्ञवालीको बालकथा अर्न्तगतको महत्वपूर्ण कृति हो । जनावरको सभा नामक रुम टु रिट ले प्रकाशित गरेको हो । यस कथामा जनावर र तिनीहरूको वातावरणसितको सम्बन्धलाई विषय बनाइएको छ । साथै मान्छेले प्रकृतिको उपभोगको सम्बन्धमा  विषय बनाइएको छ । साथै मान्छेले प्रकृतिको उपभोगको सम्बन्धमा गरेका गल्तीहरूको पनि चर्चा गरिएको छ । कथा नेपाली र अग्रेजी भाषामा लेखिएको छ । यसबाट भाषा सिक्न पनि मदत पुग्छ । किताबमा असाध्यै राम्रा चित्रहरू पनि छन् । जसलाई राजुबाबु शाक्यले बनाउनु भएको हो । दुवै वातावरण बचाउने पुस्तकहरू हुन् । जीवका लागि वनस्पति र  वनस्पतिका लागि जीव चाहिन्छ भन्ने सन्देश दुवैले दिएका छन् । वातावरण बिग्रे जीव र वनस्पति दुवैलाई क्षति हुन्छ भन्ने यी पुस्तका सन्देश हुन् । एक अर्कामा भर पर्ने भएकाले जीवले वनस्पतिको र वनस्पतिले जीवका रक्षा गर्नुपर्दछ भन्ने दुवै पुस्तकबाट बुझिन्छ ।

## ४.८ किम्बुको मसी बालकथाको विश्लेषण

ज्ञाननिष्ठ ज्ञवालीको ‘किम्बुको मसी’ एउटै कथामा तयार पारिएको पुस्तक हो । उनको यो पहिलो बालचित्रकथा हो । यो कथा बाल कोसेली ‘कोपिला’ मा प्रकाशित भएपछि पुस्तक बनाइएको हो ।

यो कथा गाउँले परिवेशमा आधारित छ । कथामा गाउँका बालबालिकाको चञ्चले व्यवहारका बारेमा बताइएको छ । गाउँका बालबालिकाले आफ्नो आवश्यकता कसरी पुरा गर्छन् भन्ने कथामा देखाइएको छ । स्कुल छुट्टी पछि केही केटा लुकेर किम्बुको रुखमा चढ्छन् । किम्बुको दाना टिपेर सक्दा नसक्दै त्यो रुख भएको बारीकी मालिक्नी आउँछिन् । सबै जना भागेपछि एकजना बालक भने त्यही अड्किन्छ । त्यसै बेला ती मालिक्नी आउँछिन् र त्यस बालकलाई समातछिन् । त्यसपछि तिनले किम्बुको दाना टिप्नुको कारण

सोध्दा त्यस बालकले आफूले किम्बुको दाना निचारेर मसी बनाउने र त्यही मसीले चित्र बनाउने गरेको बताए । बालकको कुराले प्रभावित भएर ती मालिक्नीले धेरै किम्बु टिपेर मसी बनाइदिन्छिन् ।

त्यसपछि ती बालक विद्यालय फर्किन्छन् र साथीसँगै बसेर चित्र बनाउन थाल्दछन् । त्यसरी चित्र बनाउने प्रयास गर्दा गर्दै उनी चित्र बनाउन जान्ने हुन्छन् । राष्ट्रव्यापी चित्रकला प्रतियोगितामा प्रथम हुन्छन् । यसरी यो कथाले इच्छा भएमा जस्तो सुकै अभावमा पनि मानिसको आफ्नो इच्छा पुरा गर्न सक्ने क्षमता राख्नुपर्ने सन्देश दिएको छ (एअन्नपूर्ण पोष्ट, शनिवार २२, साउन २०६२, पृष्ठ ८)

चित्रकथा भएकै कारणले प्रत्येक पानामा चित्र छन् । यस पुस्तकको आवरणका साथै भित्रका चित्र देव कोइमीले कोरेका हुन् ।

## ४.९ विशाल र रीताको सफलता बालकथाको विश्लेषण

साहित्यकार ज्ञाननिष्ठ ज्ञवालीद्वारा लेखिएको विशाल र रीताको सफलता रत्न पुस्तक भण्डारले प्रकाशन गरेको हो । यो संग्रहमा आफ्नो उद्देश्यमा सफल भएका विशाल र रीता दुइ पात्रा मार्फत सबै बालबालिकालाई असल बाटोमा हिड्न प्रोत्साहित गरिएको छ । हजुरबा पात्रबाट कथनलाई थप ज्ञानवद्धन बनाइएको छ । कथामा सुहाउँदो चित्र यसको थप महत्वपूर्ण पक्ष हो । उनीहरूका बा, आमा, दाजु सबै व्यस्त छन् । आफ्नो काम आफैं गर्छन् । विशाल र रुति सानैदेखि कस्ता थिए ठूलो भएपछि पढेर के के भए होलान् ? उनीहरू जीवनमा कसरी सफल भएका होलान् । के तिमीहरू पनि उनीहरू जस्तै सफल मानिस बन्न चाहन्छौं ? (कोपिला, आइतबार ४, मंसिर २०६८ पृ. )

जीवनमा सफल र असल बन्न चाहने बालबालिकाका लागि पढ्न लायक पढ्न पुस्तकको कमी छैन । ज्ञाननिष्ठ ज्ञवालीको पुस्तक विशाल र रीताको सफलता पनि यस्तै एउटा पुस्तक हो । एउटै कथा भएको यस पुस्तकमा ठूलाठूला चित्रहरू पनि छन् । कथामा विशाल र रीताका मामा मात्र होइन हजुरबा पनि भेटिनुहुन्छ । उहाँले कथा भनी विशाल रीतालाई असल बन्न प्रेरित गर्नुहुन्छ । यसरी नै यस कथाको अन्त्य भएको छ ।

## ४.१० लोकतन्त्रको स्वाद निबन्धको अध्ययन

साहित्यकार ज्ञाननिष्ठ ज्ञवालीको लोकतन्त्रको स्वाद कृति गरिब कमजोर, निमुखा तथा बालबालिका हेरेको हेर्‍यै रहेका र हुनेपुग्ने, टाठाबाठा, धुर्तहरू लामो जनसङ्घर्ष पछि पनि अवसरवादी भएको भाव बुझाउने निबन्धसंग्रह हो । यसको आवरणकला पुण्यशील गौतमद्वारा आर्कषक रूपमा तयार पारेको देखिन्छ । आवरण पृष्ठको पछिल्लो भागमा चित्रसहित रचनाको परिचय, योग्यता र साहित्यिक साधनाको विवरणका साथै समीक्ष्य पुस्तकबारे प्रा. राजेन्द्र सुवेदी तथा हास्यव्यङ्कार लक्ष्मण गाम्नागेले सोही पुस्तकको भूमिकामा लेखेका कुराबाट उद्धित गरिएका महतवपूर्ण अंश पनि अङ्कित छन् । कृतिभित्र जम्मा जम्मी ४१ ओटा छोटाछारिता निबन्धहरू प्रस्तुत गरिएका छन् । (गरिमा २०६७ वर्ष २८ अङ्क १० पूर्णाङ्क ३३४) ।

साहित्य साधना, लेखनपठन, अध्ययन तथा समाजसेवालाई नै जीवन व्यवहार बनाएका ज्ञाननिष्ठले मूलतः सामाजिक, साहित्यिक र शैक्षिक समस्याहरूलाई नै सर्वोपरि समस्या अनुभव गरेको देखिन्छ । सबै निबन्धहरू छोटा आकारका छन् । यी कुनै पनि निबन्धको अध्ययन गर्दा पट्यार लाग्दैन र कहिले सिद्धिने होला भन्ने आशय बोकेर गर्नुपर्ने स्थितीको सिर्जना पनि हुँदैन भन्न खोजेको गम्भीर विषयलाई थोरै शब्दमा भित्ता पुर्‍याउने गरी भन्नु लेखकको खुबी देखिन्छ । यहाँ दिइएका केही निबन्ध उपन्यास वा अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने विषयसँग सम्बन्धित छन् । यति भएर पनि तिनको परिसमाप्ति सीमित आकारकै भएको छ । निबन्ध लेख्न बस्दा मनका भाव उर्लने भएकाले धित मर्ने गरी हलुङ्गो बन्ने स्थितिको सृजना हुन्छ । तापनि निबन्धकारले त्यस्तो स्वान्त : सुखायका निम्ती अवसरको दुरूपयोग गरेका छैनन् । त्यसो हुँदाहुँदै पनि सामाजिक विसङ्गति र बेथितिको भण्डाफोर, मानवीय मूल्य र मान्यताप्रतिको स्रंवेदनशीलता ओझेल पर्दै जान लागेको देखेर उत्पन्न भएको सुधारात्मक चेतना र ठूलावडा भनाउँदा व्यक्तिमा पाइने विकृति, निकुष्ठ र खोक्रोपनको परिहास यिनमा रचनाकारले प्रचुर मात्रामा खाँदेका छन् (कान्तिपुर, शुक्रबार, ३ मङ्सिर २०६७, पृष्ठ १३) ।

लेखक अभिनय, राजनीति, समाजसेवा, अध्ययन, अनुसन्धान, शिक्षण सम्पादनकार्यमा संलग्न हुँदै गर्दा कविता, निबन्ध समालोचना बालकथा, पाठ्यपुस्तक लेखक जस्ता थप काम गर्न उत्साहित हुने व्यक्ति हुन् । यी सवैमा समान ढङ्गले पूर्णाङ्क प्राप्त गर्न सहज नभए पनि सबल ढङ्गले लागि परेका अवस्थामा रहर मेट्नु जति सजिलो छ । सफल एवम् सिद्धहस्त

बन्नु त्यति नै कठिन छ । आजको समय प्रवीणता वा विशिष्टताको युग भएकाले यिनमा कहीँ उतै लेखकले आत्ममूल्याङ्कन र गम्भीर चिन्तन गर्नुपर्ने देखिन्छ । त्यसो त उमेर अनुभव अध्ययन र योग्यताको छयासमिसमा लेखक जति ज्यादा संयमित, शिष्ट मर्यादित र सचेत हुनु भनेको आफैमा प्रशंसनीय पक्ष हो । त्यति भएर पनि युवा सुलभ अधैर्य, हतार, शब्दमाथिको नियन्त्रण कायम गर्न नसकेको विवशता र रचनाकौशलमा आउन नसकेको निखार भने कतैकतै नदेखिने चाहीँ होइन । हास्यव्यङ्गको फाँट नेपाली साहित्यमा अपेक्षित मात्रामा उर्वर हुन नसक्दा पछाडी यिनै र यस्तै चुनौती कारण बनेका देखिन्छन् र केशवराज पिँडाली, भैरव अर्यालजस्ता पूर्ववर्ती साधकका सशक्त उतराधिकारी हालसम्म पनि सशक्त रूपमा नदेखिनु पछाडिका चुरा कुरा पनि यिनै हुन् (अन्नपूर्ण पोष्ट २०६७ वाङ्मय) ।

लोकतन्त्रको स्वाद कस्तो होला ? आफूले खानै नपाइकन अर्कैले चपाएर निलेको सुस्वाद फलजस्तो ? ज्ञाननिष्ठ ज्ञवालीको व्यङ्ग निबन्ध संग्रहले यस्तै दृष्टि दिन्छ । छन्दका कवि समालोचनाका प्रतिभा ज्ञवालीले व्यंग निबन्धका क्षेत्रमा कलम चलाएको पुस्तककार कृति हो । विसंगतिप्रति औला ठड्याउनु व्यङ्ग निबन्धकारको धर्म नै हो, त्यो धर्ममा ज्ञवाली किन चुक्थे । चुटुक्कको एक बसाइमा पढेर सकिने धेरै निबन्धहरू लेखकका आफ्नै भोगाइसँग सम्बन्धित छन् । ४१ निबन्धका हारमा दरो खुट्टाका साथ उभिएको छ । ज्ञवालीका व्यंग्य मुटु नै छेड्ने खालका छन् भने हास्य निबन्ध पढ्दा मुखै दुख्ने गरी हास्न बाध्य बनाउने किसिमका छन् । कृतिमा हास्यभन्दा व्यङ्ग शीर्षकका निबन्ध बढि देखिन्छन् । ( सुवेदि, २०६७:२७)

लोकतन्त्रको स्वाद व्यंग्यमा लोकतन्त्रको वास्तविक उपभोग गर्न शोषितपीडित सर्वसाधारणले नपाएको र सत्ता तथा पदमा पुगेका राजनीतिक दलका अवसरवादीले लाजै नमानिकन जनताको भाग खोसीखोसी उपभोग गरेको वर्णन गरिएको छ ।

### ४.१०.१ आख्यानकार विश्वेश्वर प्रसादको कोइरालाको विश्लेषण र मूल्याङ्कनको अध्ययन

नेपालको राजनीतिक इतिहासमा मात्र होइन साहित्य इतिहासमा पनि सर्वाधिक चर्चित व्यक्तित्व मध्ये एक हुन् । विश्वेश्वर प्रसाद कोइराला राणाशासनको चकमन्न अँध्यारोमा बिजुली चम्किएको जस्तो गरी प्रवेश गरेर देशको राजनीति र तथा साहित्यमा

नयाँ युगको सुत्रपात गराउनमा उनको योगदान अतुलनीय छ (कान्तिपुर, शनिबार २० चैत २०६१ पृष्ठ ७) ।

राजनीतिमा उनले प्रजातान्त्रिक युगको सुत्रपात गराउने जनक्रान्तिको नेतृत्व गरे भने साहित्यमा पनि खास गरी कथामा मनोवैज्ञानिक विश्लेषण गरी नवीन प्रयोगको नेतृत्व गरे । तीव्र सामाजिक चेतनाको उपज थियो त्यो सरल भाषामा जटिल भाव व्यक्त गर्नु कोइरालाको मुख्य विशेषता हो । हिजोआज बीपीको विविध साहित्यीक पक्षको विश्लेषणात्मक अध्ययन गरी तयार पारिएका कृति प्रकाशित भएका छन् । साहित्यको अध्ययन र विश्लेषणको बढ्दै गएको गहनता र विस्तारमा देखिएको यो प्रवृत्तिले यसको समग्र विकासलाई प्रतिनिधित्व गर्छ (सचेत नेपाल, मासिक २०६१) ।

कसैले बीपीका नारी पात्रको अध्ययन गरेका छन् तर कसैले पुरुष पात्रको । कसैले उनका कृतिहरूमा परिलक्षित विचार पक्षको अध्ययन गरेका छन् भने कसैले उपन्यासका अस्तित्ववादी दर्शनको अध्ययन, हजुरको प्रकाशनद्वारा प्रकाशित प्रस्तुत पुस्तक आख्यानकार विश्वेश्वर कथा खण्ड २०६१ मा ज्ञाननिष्ठ ज्ञवालीले उनका कथाको सुव्यवस्थित अध्ययन गरेको पाइन्छ ।

ज्ञवालीले धेरै खोजबिन गरेर मेहनतका साथ तयार गरेको यो पुस्तक मुख्यतया छ वटा खण्डमा विभाजित छ । कोइरालाको परिचय, कथायात्रा, र प्रवृत्ति, कथापात्र, पुरुषको पात्रको अध्ययन, कथाको विश्लेषण र निष्कर्ष यस ग्रन्थको मुख्य अङ्क भनेको पाँचौ खण्ड हो जस्तो लाग्छ । यसअघिका  खण्डमा परिचय, पृष्ठभूमि र कथाका पात्रको लैङ्गिक मनोवैज्ञानिक र आर्थिक सामाजिक सम्बनधको विश्लेषण गरिएको छ ।

यसमा बीपीको कथायात्रालाई तीन चरणमा बाडिएको छ । प्रथम चरण (१९८७-१९९८), द्धितिय चरण (१९९८-२००६) र तृतिय चरण (२००७-२०३९) ज्ञवालीले यी तीनै चरणका कथालाई एक एक गरी विश्लेषण गरेको देखिन्छ । विश्लेषण गर्दा मुख्यतया पाँच तत्वको विश्लेषण भएको छ । जस्तो कि प्रत्येक कथाको (क) कथानक र यसको ढाँचा, (ख) चरित्र र दृष्टिविरुद्ध (ग) रुचिक्षेत्र (घ) भाषाशैली र (¯) सारवस्तु । यसरी सबै कथा प्रथम चरणका चारवटा द्वितीय चरणका अठारवटा र तृतिय चरणका चारवटा गरी जम्मा २६ वटाको सुव्यवस्थित व्याख्या यस पुस्तकमा भएको छ ।

समालोचक ज्ञाननिष्ठ ज्ञवालीले लेखेको आख्यानकार विश्वेश्वरप्रसाद कोइराला कथा खण्ड (वि.सं. २०६१) नामक पुस्तक समालोचना ग्रनथ हो । यसभन्दा पहिले विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा समालोचनात्मक लेखरचनाहरू प्रकाशित गरिसकेका ज्ञवालीको यो कृति नौलो प्रकारको रहेको छ । लेखक ज्ञवाली पदम कन्या कलेजमा स्नातकोत्तर तहलाई नेपाली विषय पढाउँछन् । लेखनमा क्षेत्रमा उनी क्रमश अगाडि बढ्दैछन् । यस पुस्तकले नेपाली साहित्य भण्डारको श्रीवृद्धिमा एउटा महत्वपूर्ण काम गर्नेछ भन्ने आशा राख्न सकिन्छ ।

हजुरको प्रकाशन प्रा.लि. प्रदर्शनीमार्गद्वारा प्रकाशित यो पुस्तक त्रिभुवन विश्वविद्यालयको स्नातक र स्नातकोत्तर तहको पाठ्यक्रममा आधरित भई लेखिएको छ । त्यसैले यी तहका पढ्ने विद्यार्थीहरूका लाग यसले सहयोगी सामग्रीका रूपमा ख्याती कमाउनेछ भनी विश्वास गर्न सकिन्छ । विश्वेश्वर प्रसाद कोइराला सम्बन्धि विशिष्ट अध्ययन गर्नेहरूका लागि यसले निश्चित नै एउटा कोसेढुङ्गाको काम गर्नेछ (कान्तिपुर, शनिवार २० चैत २०६१) ।

यस पुस्तको सुरुमा प्रा.डा. हरिप्रसाद पराजुलीको मन्तव्य छ र उप प्रा. रामप्रसाद ज्ञवालीले 'नवोदित' समालोचकको गहकिलो सूरुवात भनी भूमिका बाँधेका छन् । लेखकले आफ्नो भनाइमा त्रिविविले स्नातक र स्नातकोतरमा आख्यानाकार विश्वेश्वरप्रसाद कोइरालालाई विशिष्ट अध्ययनका रूपमा नेपाली पाठ्यक्रममा समावेश गरेको र आधुनिक समालोचना पद्धतिका आधारमा यस पुस्तकको रचना गरेका कुरा अभिव्यक्ति गरेका छन् ।

**यस पुस्तकलाई**

१. विश्वेश्वर प्रसाद कोइरालाको परिचय
२. कोइरालाको कथायात्रा प्रवृत्ति र कथाविश्लेषणका आधारहरू
३. कोइरालाका कथाहरू
४. कोइरालाका पुरुषपात्रको अध्ययन र
५. विश्वेश्वर प्रसाद कोइरालाका कथाहरूको विश्लेषण गरी जम्मा ५ भागमा विभक्त गरिएको छ ।

शीर्षक १ मा कोइरालाको जन्म र पुर्ख्यौलीदेखि लिएर शिक्षा, साहित्यलेखनको प्रेरणा, प्रकाशित पुस्तकहरू, शारीरिक, साहित्यिक व्यक्तित्व आदिको चर्चा गरिएको छ भने शीर्षक (२) मा कोइरालाको कथायात्राको चरण विभाजन, कथा प्रवृत्तिहरू, कथाविश्लेषणका आधारहरू, आधारबारे शुक्ष्म विश्लेषण गरिएको छ । त्यसै गरी शीर्षक ३ मा कथाका पात्र विधान र कथापात्रबारे लेखिएको छ । शीर्षक (४) मा पुरुषपात्रहरूको मनोवैज्ञानिक, सामाजिक, आर्थिक दृष्टिसम्बन्धित गहन अध्ययन गरिएको छ र अन्त्यमा शीर्षक ५ मा कोइरालाको कथालेखनका प्रथम, द्धितिय र तृतीय चरणका कथाहरू विश्लेषण गरिएको छ ।

सन्दर्भग्रन्थका रूपमा लेखकले कोइरालाद्वारा लिखित ११ ओटा पुस्तकहरू, विभिन्न अप्रकाशित स्नातक, स्नातकोत्तर र विधावारिधि शोधपत्रसमेत गरी जम्मा ५७ ओटा सहयोगी सामग्रीहरूलाई प्रयोगमा ल्याएका छन् । त्इसैगरी उनले विभिन्न पत्रपत्रिकामा प्रकाशित २२ ओटा लेखरचनाहरूको सहयोग लिई आफ्नो कृतिलाई प्रमाणित बनाएका छन् ।

विश्वेश्वर प्रसाद कोइरालाका सम्पूर्ण कथालाई साङ्केतिक प्रभावोरपादकलाई मात्र होइन, कलात्मकता, प्रतीक प्रयोग, समाजिकता, व्यङ्ग्यात्मकताजस्ता उनका कथागत विशेषतालाई आत्मसाथ गरी मूल्याङ्कन गरिएको छ । यसमा परिवेशको समग्रलाई मात्र नसमेटि भावात्मक तीव्रता प्रदान गर्न पनि यो पुसतक सफल छ ।

यस पुस्तकमा कोइरालाको कथायात्रालाई तीन चरणमा विभाजन गरी उनको कथायात्रालाई बुझ्न सरल बनाइएको छ । कथाहरूको परिवेशसँग आवद्ध भएर वातावरण र चरित्रलाई केलाइएको छ । उनले आफ्ना कथाहरूमा नगर संस्कृति र ग्रामीण समस्यालाई समानरूपमा कथाको पविश बनाएको सन्दर्भलाई सरल र सहज ढङ्गबाट यो पुस्तकमा प्रस्तुत गरिएको छ । यसका अतिरिक्त कोइरालाले आफ्ना कथामा मनोजगतकी काल्पनिक सुन्दरी वा अप्सरालाई पनि कथाका आधार बनाएका छन् । यस आधारका कथामा कथामा कथाकारले पात्रको मनोग्रन्थिको चेतनजगत् र अवचेतनजगतका उज्याला र अँध्यारा पक्षलाई केलाइएको कुरालाई यस समालोचनात्मक ग्रन्थले सघनता र सरलतालाई आत्मसात् गरी प्रष्ट्याएको छ ।

उनको कथा फ्रायडीय खुराक मात्र नभई समयको सदुपयोग, सत्यमा निष्ठा, चित शुद्धि र कर्मशील हुनुपर्छ भन्ने कुराको सङ्केत हुँदाहुँदै पनि केही समालोचकको टिप्पणी रहेको

छ । कोइरालाका कथाहरू दिपशिखाझैं चञ्चल रहेकाले समाजको संरचनालाई उल्टो दिशातफ् प्रविष्ट गराउँछ भन्ने दोबारोपण गरेको पाइन्छ । तर ती मिथ्या हुन् भन्ने कुरा यस पुस्तकमा विवेचना गरिएका कथामा कोइरालाको चिन्तनधारा, समाजको यथार्थ चित्रणका साथै मानवतावादी दृष्टिकोणलाई समाचोलक ज्ञवालीले प्रस्ट पारेका छन् ( गोरखापत्र २०६३) ।

वास्वतमा कोइरालाका कथा प्रमर्दशनशील छन् । मदानीले दहीलाई मथेर नौनी निकालेझै यस पुस्तकमा ज्ञवालीले कोइरालाका कथालाई मथेका छन् । मानिसको सर्वश्रेष्ठ कुरा भनेको उसको विचार नै हो भन्ने कुरालाई आफ्नो समालोचकीय धारणामा अभिव्यक्ति गरेका छन् ।

पुस्तकलाई सरर्सती पढ्दा भाषाको राम्रो प्रवाह भएको अनुभव हुन्छ । विश्वेश्वर प्रसाद कोइरालाका कथामा पाइने यौनमनोविज्ञान तथा सामान्य असामान्य मनोविज्ञानलायृ गहिराइसम्म पुगी त्यसलाई केसाकेसा गरी केलाउन सक्नु सानो कुरा होइन । यसमा लेखकको कुशलता राम्रो सँग झल्किएको छ ।

## ४.११ सफल जीवन बालकथाको विश्लेषण

सफल जीवन बालकथा वाङमय प्रकाशन तथा अनुसन्धान केन्द्र कमलपोखरीले बजारमा ल्याएको सचित्र बालकथा हो । कथाकारले सफल जीवनमा रत्नमणी र सूर्यमणि दुई मिलने साथीबाट कथा सुरु गरेका छन् । सूर्यमणी सम्पूर्ण कुराले सम्पन्न हुन्छ र रत्नमणी भने बाबुको मृत्युभएकाले दुःखी हुन्छ । पढाइमा भने दुवै चतुर र चञ्चले हुन्छन् । रत्नमणी र सूर्यमणी गाउँले केटा हुन् । यी केटाहरू पढ्नका अतिरिक्त पौडी खेल्न कहिले खोलातिर त कहिले अमिली र फडिर खान जङ्गलतिर गएर मनोरञ्जन लिन्छन् । उनीहरू मनोरञ्जनका नाममा कहिले कहिले त रत्नमणि, सूर्यमणि, नविन र सुरेस लुकेर तास पनि खेल्छन् । यति बेला उनीहरू कक्षा सातमा पढ्दै छन् । उनीहरूका दिनहरू रमाइलो रमाइलोमा बित्दै छन् । यसै क्रममा रत्नमणि निर्कै गम्भीर बन्छ । आफैं सोच्छ अब यी साथीहरूसँग यसरी रमाइलो गरेर मात्र दिन बिताउनु हुँदैन । यसो भन्दै रत्नमणि खेल र अन्य कुरा भन्दा पढ्नतर्फ लाग्छ । आफ्नै किताब कापी र कलमलाई साथी बनाउँछ ।

रत्नमणिको दिनचर्या पढ्नु लेख्नु र स्कुल बिदामा मामाघर गएर रमाइलो गर्नु मा नै बित्दै जान्छ (अन्नपूर्ण पोष्ट, शनिवार २८ पुस २०६४ पृष्ठ ८) ।

यस्तो रमाइलो कथाको मुख्य पात्र रत्नमणिले गर्ने काम पनि रमाइला छन् । पढ्नको अतिरिक्त कहिले तरुल खन्ने, कहिले जङ्गलमा साथीहरूसँग रमाइलो गर्दै काफल ऐसेलु, किम्बु, स्याउ, अम्बा, खन्यु, सुन्तला, काका खाने र कहिलेकहिले अमिलो साँघेर खाएर रमाइलो गर्छ । यतिमात्र कहाँ हो र कहिले माछापोखरीमा गएर रमाइलो गरे पनि पढ्ने कुरालाई कहिल्यै बिर्सिदैन । पढ्ने र गृहकार्य गर्ने कुरामा सधै समय दिन्छ । यसै परिश्रमले ऊ एस्एल.सी. प्रथम श्रेणीमा उर्त्तीण हुन्छ । क्याम्पसका आई.ए., बी.ए र एम.ए सबै तहमा प्रथम श्रेणीमा प्रथम भई ठलो सफलता प्राप्त गर्छ । ऊ आफ्नो खुट्टामा आफै उभिन सक्ने हुन्छ । उसको सफल जीवनले उसका परिवारका सबै सदस्यलाई अगाडी बढ्न मद्दत गर्छ । ऊ गाउँको एक उदाहरणीय व्यक्ति बन्छ । यस कथाले भन्न खोजेको कुरा जसले परिश्रम गर्छ उसले जीवनलाई राम्रो बनाउन सक्छ, भन्ने हो । त्यसैले सफल जीवन कथाको शीर्षक महतवपूर्ण मान्नुपर्छ (गोरखापत्र २०६४ चैत्र १६ गते, पृष्ठ ख) ।

## ४.१२ निष्कर्ष

पाँचौ परिच्छेदमा ज्ञाननिष्ठ ज्ञवालीको कृतित्वको अध्ययन तथा विश्लेषण शीर्षकमा पृष्ठभूमि लेखी उनका प्रकाशित समालोचना आख्यानकार विश्वेश्वर प्रसाद कोइराला (२०६१), भूमिका सिद्धान्त र ज्ञवालीका भूमिका (२०६३), समालोचना पुष्प (२०७१), बाल साहित्य तर्फ किम्बुको मसी (२०६२), जनावरको सभा बालकथा (२०६२) सफल जीवन (२०६४) विशाल र रीताको सफलता (२०६८) निबन्ध संग्रह लोकतन्त्रको स्वाद (२०६७) परिचयात्मक विश्लेषण गरिएको छ ।

# अध्याय पाँच

## ज्ञाननिष्ठ ज्ञवालीको साहित्यिक योगदानको मूल्याङ्कन

ज्ञाननिष्ठ ज्ञवाली कविता, बालकथा, समालोचना, निबन्ध साहित्यको दर्पण, पाठ्यपुस्तकका लेखक हुन् । उनले समालोचना क्षेत्रमा विशेष सफलता प्राप्त गरेका छन् भने पाठ्यपुस्तक कथा क्षेत्रमा पनि उनले दिएको योगदान महत्वपूर्ण छ ।

ज्ञाननिष्ठ ज्ञवाली नेपाली साहित्यको इतिहासमा कविता विधाबाट प्रवेश गरेका हुन् । वि.सं. २०५६ सालदेखि कविता लेखनमा निरन्तरता लागिरहेका ज्ञवालीका अहिलेसम्म थुप्रै कविता, बालकथा, समालोचनाका कृतिहरू छन् । उनका समग्र समालोचनात्मक कृतिहरूको मूल्याङ्कन गर्दा निम्न बुँदाहरू प्रवृत्तिको रूपमा देखा पर्छन् ।

- उनी प्रभाववादी र गुणग्राही समालोचक हुन् ।
- वस्तुनिष्ठ समालोचक हुन्
- कृतिको सामाजिक मूल्यलाई हेरेर यथार्थपरक समालोचना गर्ने समालोचक हुन् ।
- उनको लेखन छरितो नभएर सुगठित छ विश्लेषणात्मक र व्याख्यामक र मूल्याङ्कनात्मक छ
- निर्बैयक्तिक समालोचक ज्ञवाली तुलनात्मक रूपमा २०६१ पछिका जल्दा समालोचक ठहर्छन् ।

समाजमा विद्यमान कुप्रथा कुरीति कुसंस्कार र कठीन परिस्थितिहरूमा लेख्न चाहने, चिन्तनका फाँटमा फैलिएका हासोन्मुख मूल्य एवं मान्यताको जरो उखेली उधिन्याउँदै नयाँ मूल्य र मान्यताको स्थापनाको निम्ति अग्रसर हुने हरेक व्यक्ति र कृतिको मूल्याङ्कन गर्दा समय, वर्ग विचार र व्यवहारलाई आधार बनाउनुपर्छ भन्छन । समयको सामीजक, राजनीतिक, आर्थिक अवस्थाको अध्ययन गर्नुपर्ने धारणा राख्ने ज्ञवालीको मूल्याङ्कन वर्तमान लेखकहरूको सुचीमा सुचीकृत हुन्छ । अहिले पनि लेखनलाई निरन्तरता दिइराखेका उनको मूल्याङ्कन गर्ने बेला भएको छैन । तथापि लेखकका निरन्तरता प्रतिको निष्ठा कृतिहरूलाई न्यायोचित रूपमा व्याख्या विश्लेषण गर्ने निष्पक्ष मूल्याङ्कन गर्ने, तटस्थताको समालोचकीय धर्मलाई अवलम्बन गरी नयाँ परम्पारको थालनी गर्ने खुबी जस्ता विशेषताले गर्दा उनी चल्तीका जल्दा बल्दा समालोचकको माझमा पृथक र उच्चकोटीमा ठहर्छन् । समालोचनामा

ज्ञाननिष्ठ ज्ञवालीको योगदान अहिलेसम्म पनि निरन्तर रूपमा रहेको छ । उनका समालोचना बाहेकका अभरु विधाहरूमा रहेको योगदान पनि उत्तिकै छ । यद्यपि साहित्यका विभिन्न विधामा उनले दिएको योगदानलाई कम आँक्न मिल्दैन । मूलतः उनी समालोचक हुन् । उनी निरन्तर लेखनमा छन् । उनको मूल्याङ्कन गर्ने बेला अझै भइसकेको छैन । तथापि समालोचकीय योगदानका बारेमा भन्नुपर्दा उनी गुणग्राही समालोचक हुन् । समसामयिक विषयवस्तु माथि केन्द्रिकृत भएर शैद्धान्तिक र व्यावहारिक समालोचनाका क्षेत्रमा योगदान गरिरहेका उनका योगदानलाई वर्तमान लेखकको साक्ष्य मानिन्छ ।

## अध्याय छ
## उपसंहार

### ६.१ सारांश

ज्ञाननिष्ठ ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षकको शोधपत्रलाई जम्मा पाँच परिच्छेदमा विभाजित गरी सङ्ठित गरिएको छ ।

शोधपत्रको पहिलो परिच्छेदमा परिचय छ, भने दोस्रो परिच्छेदमा ज्ञाननिष्ठ ज्ञवालीको जीवनीको अध्ययन रहेकमो छ । तयस्तै परिच्छेद तीनमा ज्ञवालीको व्यक्तित्वको अध्ययन गरिएको छ । परिच्छेदमा अध्यायनको उपसंहार सारांश र निष्कर्षैको प्रस्तुति रहेको छ । परिच्छेद एकमा शोधपत्रको विषय, परिचय, शोधको समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा सीमा र अध्ययनको औचित्य शोधविधि र शोधपत्रको रूपरेखा चर्चा गरिएको छ । परिच्छेद दुइमा ज्ञाननिष्ठ ज्ञवालीको जीवनी चर्चा गरिएको छ । यसभित्र पृष्ठभूमि, बाल्यकाल, शिक्षादिक्षा, चुडाकर्म, विवाह, जन्मस्थान, मातापिता, पारिवारिक स्थिति बसोकास, आर्थिक अवस्था, जागिरे जीवन प्रेर्णा र प्रभाव, प्रथम प्रकाशित रचना र कृति, समाजसेवा, रुचि तथा स्वभाव, खानपान, सम्मान, पुरस्कार तथा भ्रमण, साहित्यिक संघसंख्याको स्थापना, संलगनता, जीवन दर्शनको बारेमा चर्चा गरिएको छ । ज्ञाननिष्ठ ज्ञवालीको बारेमा विस्तृत रूपमा विश्लेषण गरिएको छ ।

शोधपत्रको तेस्रो परिच्छेदमा ज्ञाननिष्ठ ज्ञवालीको व्यक्तिको अध्ययन गरिएको छ । व्यक्तित्व अन्तर्गत आन्तरिक व्यक्तित्वमा ज्ञवालीका गुण, स्वभाव, आचरण र प्रवृत्तिको चर्चा गरिएको छ । त्यस्तै बाह्य व्यक्तित्वमा शारीरिक व्यक्तित्व, व्यवसायिक, साहित्यिक, कवि, निबन्धकार, संस्मरण, कथाकार, समालोचक सामाजिक, सम्पादन, पथप्रदशक व्यक्रित्वको बारेमा विश्लेषण गरिएको छ । चौथो परिच्छेदमा ज्ञाननिष्ठ ज्ञवालीको कृतित्वको अध्ययन गरिएको छ । जसमा ज्ञवालीको कविताको विश्लेषण अध्ययन, आख्यानकार विश्वेश्वर प्रसाद कोइला, भूमिका सिद्धान्त र ज्ञवालीका भूमिकार समालोचना पुष्प समालोचनाका अध्ययन विश्लेषण, लोकतन्त्रको स्वाद निबन्धको अध्ययन र बालकथाको विश्लेषण गरिएको छ । ज्ञाननिष्ठ ज्ञवालीको जन्मभूमिको सम्झना कवितामा आफू जन्मेको जन्मठाउँको बारेमा व्याख्या गरिएको छ । त्यसमा त्यस ठाउँको वस्तुस्थिति खहरे खोला, हरिया वनपाखा,

पाकेका फलफूलहरूको बयान गरिएको छ भने कालिगण्डकीको पनि मनछुने गरी बयान गरिएको छ ।

त्यस्तै लोकतन्त्रको स्वाद निबन्धमा गरिब, कमजोर, निमुखा तथा बालबालिका बारेमा प्रस्तुत गरिएको छ । यस निबन्धमा ४१ ओटा छोटाछरिता निबन्धहरू रहेका छन् । लोकतन्त्रको स्वाद व्यंग्यमा लोकतन्त्रको वास्तविक उपभोग गर्न शोषितपिडित सर्वसाधारणले नपाएको सत्ता तथा विपक्षमा पुगेका राजनीतिक दलका अवसरवादीले लाजै नमानीकन जनताको माग खोसीखोसी उपयोग गरिएको वर्णन गरिएको छ ।

आख्यानकार विश्वेश्वर प्रसाद कोइराला समालोचनामा कोइरालाको राजनीतिक अवस्थाको कोइरालाको कथा यात्राको वर्णन, कथाको परिचय कोइरालाको कथायात्रा प्रवृत्ति र कथाविश्लेषणका आधारहरू, कोइरालाका पुरुषपात्रको अध्ययनको व्याख्या गरिएको छ ।

भूमिका सिद्धान्त र ज्ञवालीका भूमिकाको अध्ययन समालोचनामा प्रस्तुत पुस्तक चारखण्डमा विभाजित छ । पपहिलो खण्डमा भूमिकाको सैद्धान्तिक चर्चा गरिएको छ भने दोस्ो खण्डमा रामप्रसाद ज्ञवालीको भूमिको अध्ययन वर्गीकरण तथा मूलयाङ्कन गरिएको छ । तेस्रो खण्डमा आफ्ना ृकति माथि रामप्रसाद ज्ञवालीद्वारा लेखिएका भूमिकाहरू र चौथो खण्डमा अन्य लेखकका कृतिमाथि रामप्रसाद ज्ञवालीद्वारा भूमिकाहरू रहेका छन् । वास्तवमा यस पुस्तकको महत्वपूर्ण खण्ड भनेको पहिलो खण्ड नै हो । जसमा २१ पृष्ठमा भूमिकाका बारेमा सैद्धान्तिक चर्चा गरिएको छ ।

समालोचना पृष्ठपको अध्ययनमा कालखण्डका हिसावले समालोचना पुष्प समालोचकले केही पुराना र केही नयाँ कृतिको विश्लेषण प्रस्तुत गरेका छन् र विधागत रूपमा पनि विविधतालाई समेट्ने प्रयत्न गरकाे देखिन्छ । मानवीय एवम् सामाजिक स्थिति माथि गहन अन्तर्दृष्टि रहेको कृतिहरू कहिल्यै पुराना हुँदैनन् । यस्ता कृतिमा स्रष्टाले वैयक्तिक संवेदनालाई भन्दा बढि सामाजिक संवेदनालाई समेट्ने अधिकतम प्रयत्न हुनाले त्यस्ता कृति वर्षौ पछिसम्म पनि समालोचकका आँखामा परिरहन्छन् । यस संग्रहमा पनि २०१० को दशकका तरुण तपसी र बसाइँमा समालोचका आखाा पुगेका छन् । यस सग्रहमा क तरुण तपसी महाकाव्यको विश्लेषण, स्रष्टा र समयको परिक्रमा भारतीय नेपाली कथा

विशेषांकको अध्ययन भारतीय नेपाली एकांकीको अध्ययन, बसाइ उपन्यासको विश्लेषण अनिता उपन्यास : एक चर्चा शीर्षकमा ६ वटा समालोचना समेटिएका छन् ।

बालकथाको अध्ययनमा ज्ञवालीका बालकथा बालबालिकाहरूको मनोभावना सँग सम्बन्धित छन् । किम्बुको मसी यिनको किम्बुको मसीबारे जानकारी दिने, जनावरको सभामा स्वार्थी मानिसलाई सचेत गराृउने बारे वर्णन गरिएको छ । सफल जीवनमा जीवनलायृ कसरी सफल बनाउने भन्ने कुरा आएको छ । विशाल र रीताको सफलतामा दुई केटाकेटीहरूको जीवनमा कसरी परिश्रम गरेर सफलता प्राप्त गरेका छन् भन्ने देखाइएको छ । खरायोको पोकोमा आफ्नै पिठ्युमा भएको पोकोलाई हुस्सु खरायोले बिर्सेको कथा छ । केटाकेटीको पुस्तकालयमा गाउँका केटाकेटीहरूले चाहे भने आफ्नै विद्यालयमा कसरी पुस्तकालय खोल्न सक्छन् भन्ने कुरा देखाइएको छ ।

अन्तिम तथा पाँचौं परिच्छेदमा शोधकार्यका परिच्छेदगत सारांश अथवा प्रत्येक परिच्छेदमा समावेश गरिएका कुराहरूको उपसंहार तथा निष्कर्ष उल्लेख गरिएको छ । विभन्नि कोणबाट गरिएको अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्ष प्रसतुत गरिएको छ ।

## ६.२ निष्कर्ष

वि.सं. २०३१ साल चैत मा लुम्बिनी अञ्चलको गुल्मी जिल्लाको रु.रु. गा.वि.स. वडा नं. ३ थोर्गा च्युरेकमा जन्मेमा ज्ञाननिष्ठ ज्ञवाली डिल्लीराज ज्ञवाली र इन्दिरा ज्ञवालीका पाँचौं सन्तानका रूपमा जेठा छोरा हुन् । छोरी छोरी माथिका छोरा भएको कारण ज्ञवाली सबैको आँखाका तारा भएका थिए । उनको अक्षराम्भ उनकै पिताबाट भएको हो । रहरको छोरा भएकोले बाबुको छोरालाई विद्धान बनाउने खुब इच्छ थियो । त्यसैले बाबु डिल्लीराज ज्ञवालीले बोली फुटेपछि नै ज्ञाननिष्ठ ज्ञवालीलाई आफ्नो पिठ्युमा राखेर वर्णहरू सिकाउनुहुन्थ्यो । उनी तीन वर्षको भएदेखि नै घरमा बाह्रखरी सिकाउनुभएको थियो । घर नजिकै प्रथामिक विद्यालय थियो । कक्षा तीन सम्म गाउँकै प्रथामिक विद्यालयमा पढे । त्यसपछि रिडिमा बसोबास सरे । घरबाट पन्ध्र मिनेट हिडेर जानुपर्ने रु.रु. प्रा.वि. रिडी बजारमा कक्षा चार पढे । कक्षा ८ मा पढ्दै थिए । पिताजी बित्नुभयो । निकै दुःख पऱ्यो धन्न त्यही स्कुलमा क्याम्पस खुल्यो । आइ. ए र बी) ए त्यही पढे । आई.ए. दोस्रो वर्ष र बी.ए. प्रथम वर्षमा कक्षामा प्रथम भए । दोस्रो वर्षमा पढ्दा पढ्दै भारतको हरिद्धार र

हृषिकेश गए । एक महिना उतै बिताए । अध्ययनको क्रममा विभिन्न ठाउँमा बसोबास गर्दै आएका ज्ञवाली हालको बसोबास पुरानो बानेश्वर काठमाडौंमा रहेको छ । उनको विवाह वि.सं. २०५८ सालमा सविता भट्टराईसँग विवाह भएको थियो । उनको १ छोरी र १ छोरा रहेका छन् ।

ज्ञाननिष्ठ ज्ञवालीको नागरिक जीवन २०५२ देखि सुरु भएको हो । विभन्नि बोर्डिङ स्कुल र कलेजमा अध्यापन गराउँदै आएका ज्ञवाली हाल पद्मकन्या बहुमुखी क्यापसमा अध्यापनरत छन् । त्यसको साथै

१. काठमाडौं रुरु. कल्याण परिवार, काठमाडौं (पूर्व सचिव)
२. ज्ञवाली गुठी, काठमाडौं (आजीवन सदस्य)
३. गुल्मेली समाज काठमाडौं (आजीवन सदस्य)
४. थोर्गा सम्पर्क तथा विकास मञ्च काठमाडौं (संस्थापक आजीवन सदस्य)
५. अभियान साहितय प्रतिष्ठान (आजीवन सदस्य) का रूपमा रहेर कार्य गरिरहेका छन् ।

विभिन्न साहित्यिकारहरूबाट प्रेरणा पाएर साहित्यक क्षेत्रमा हात हालेका ज्ञवालीले कविता, कथ्य, निबन्ध, बालकथा, समालोचना विधामा कलम चलाउँदै आएका ज्ञवालीले विशेषत समालोचना विधामा कलम चलाएका छन् । लेखनसँगै उनले उपप्रध्यापन पेसा र समाजसेवा समेत समान रूपले अगाडि बढाएको पाइन्छ । जन्मभूमिको सम्झना २०५६ सालमा युगसम्वाद साप्ताहिकमा प्रकाशित कविता पहिलो प्रकाशित रचना हो । उनका आख्यानकार विश्वेश्वर प्रसाद कोइराला, भूमिका सिद्धान्त र ज्ञवालीका भूमिका र समालोचना पुष्प समालोचनाहरू प्रकाशित छन् । किम्बुको मसी, मनावरको सभा, सफल जीवन, विशाल र रीताको सफलता, रुम टु रीडबाट पन्ध्र ओटा बाल पाठ्य सामग्री र खरायोको पोको (बालकथा), लोकतन्त्रको स्वाद निबन्ध सग्रह साथै पाठ्य तथा सन्दर्भ पुस्तकमा अनिवार्य नेपाली अभ्यास पुस्तक कक्षा ८, अनिवार्य नेपाली अभ्ज्ञास पुस्तक, कक्षा ९ अनिवार्य (नेपाली) पुस्तक कक्षा १० र अनिवार्य नेपाली १०+२ प्रकाशित हुँदै आएका छन् । ज्ञवाली वस्तुपरक, गुणग्राही समालोचक हुन् ।

ज्ञाननिष्ठ ज्ञवालीले लेखन, अध्यापन, समाजसवाका साथै विभिन्न पत्रपत्रिकाको सम्पादन पनि गरेका छन् । सादा जीवन उच्च विचारका धनी ज्ञवालीले साहित्यिक क्षेत्रमा

पुऱ्याएको योगदानको विभन्नि संघसंस्थाहरूले सम्मान तथा पुरस्कारबाट पुरस्कृत गरेका छन् । साहित्यिक, पथ प्रदर्शक, सामाजिक जस्ता विविध व्यक्तित्वका धनी ज्ञवाली बहुप्रतिभाशाली व्यक्तित्व हुन् ।

ज्ञाननिष्ठ ज्ञवालीको लेखनको स्रोत विश्वेश्वर प्रसाद कोइराला जस्ता महान् स्रष्टा र उनको व्यक्तित्व, उनका साहित्यिक विविध पाटाहरु राजनीतिक वातावरण, सामाजिक परिवेशहरू देखिन्छन् । उनका साहित्यिक कृतिको भाषाशैली सरल सहज र स्पष्ट देखिन्छ । नेपाली समीक्षा समालोचना लखेनको इतिहासमा ज्ञवालीको योगदान महत्वपूर्ण रहेको छ ।

निचोडमा ज्ञाननिष्ठ ज्ञवाली नेपाली साहित्यको फाँटमा एक विशिष्ट प्रतिभा ठहरिन्छन् र नेपाली साहित्यका विविध फाँटमा कलम चलाए तापनि उनको प्रमुख योगदान चाहीँ समालोचना क्षेत्रमा रहेको देखिन्छ । लेखकको निरन्तरता कृतिहरूलाई न्यायोचित रूपमा व्याखय विश्लेषण गर्ने, निष्पक्ष मूल्याङ्कन गर्ने, तटस्थताको समालोचकीय धर्मलाई अवलम्बन गरी नयाँ परम्पराको थालनी गर्ने ज्ञवाली चल्तीका जल्दाबल्दा समालोचकहरूको माझमा पृथक कोटीका समालोचक ठहरिन आउँछन् ।

## सन्दर्भ सामग्री सूची


कासुला वीणा २०६६ विशाल र रीताको सफलता कोपिला, २०६८ मंसिर ४ पृ.ज ।

**चापागाई नरेन्द्र र सुवेदी दधिराम (२०५१) विश्वेश्वर प्रसाद कोइरालाको साहित्यको समग्र अध्ययन, विराटनगर : प्रतिभा प्रतिष्ठान ।**

जोशी पुष्पराज सफल जीवन २०६४ गोरखापत्र चैत १६ पृष्ठ ख ।

थापा, मोहन हिमांशु (२०३६) साहित्य परिचय' ललितपुर : साझा प्रकाशन ।

पराजुली उषा "किम्बुको मसी" बालकथा 'कोपिला', शुक्रबार, १६ भदौ द्२०६२, पृष्ठ ख ।

**प्रधान, प्रमोद (२०६१) नेपाली बाल साहित्यको इतिहास, काठमाण्डौ विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।**

लुइटेल दिनेश २०६६, सफल जीवन 'चिचिला', वर्ष २१ क्रमाङ्क २१८ पृष्ठ १७ ।

**शर्मा, मोहनराज, श्रेष्ठ, दयाराम** (२०४६) **नेपाली साहित्यको संक्षिप्त इतिहास** (ते.सं.) **ललितपुर : साझा प्रकाशन ।**

ज्ञवाली, ज्ञाननिष्ठ (२०५६) जन्मभूमिको सम्झना काठमाण्डौ युगसम्वाद साप्ताहिक, मंसिर २१ मङ्गलबार पृ. ६

ज्ञवाली ज्ञाननिष्ठ (२०६१) आख्यानकार विश्वेश्वप्रसाद कोइराला, काठमाण्डौ कान्तिपुर, शनिवार चैत २०, पृष्ठ ७

... (२०६२) किम्बुको मसी बालकथा अन्नपूर्ण पोष्ट साउन २२, पृष्ठ ८

...... भूमिका सिद्धान्त र ज्ञवालीका भूमिकाको अध्ययन मधुपर्क २०६४ (वर्ष ४० अंक ४ पूर्णाङ्क ४५९) २०६४ पृष्ठ २२

...... सफल जीवन 'अन्नपूर्ण पोष्ट', शनिवार २८ पुस २०६४ पृष्ठ ८

...... लोकतन्त्रको स्वाद 'गरिमा' २०६७ वर्ष २८ अङ्क १० पूर्णाङ्क ३३४

…… विशाल र रीताको सफलता ‘कोपिला’ आइतबार ४, मंसिर २०६८

…… समालोचना पुष्प ‘गोरखापत्र’ २०७१

…… केटाकेटीको पुस्तकालय ‘हिमाल’ साप्ताहिक, २०७१ मंसिर १४-२० पृष्ठ ५२

**प्रश्नावली**

१. ज्ञाननिष्ठ सर, तपाइँको जन्म कहिले र कहाँ भएको हो?

→ मेरो जन्म वि.सं. २०३१ साल रु.रु गा.वि.स. ३ थोर्गा गुल्मीमा भएको हो ।

२. माता पिताको नाम थर तथा उहाँहरूको पेशा के थियो?

→ आमाको नाम इन्दिरा ज्ञवाली तथा बुबाको नाम डिल्ली राज ज्ञवाली हो ।

आमा गृहिणी र धुवा समाज सेवी हुनुहुन्थ्यो ।

३. तपाई मातापिताको कतियौं सन्तान हुनुहुन्छ?

→ मातापिताको पाचौं सन्तान हो ।

४. तपाईका दाजुभाइ तथा दिदी बहिनीहरु कति हुनुहुन्छ क्रमशः

→ मेरो तीन दिदीहरु हुनुहुन्छ राधा, शान्ता र नारायणी एउटा दिदी सानै छदा बित्नुभएको रे र मेरो एउटा भाइ मधु हो ।

५. तपाईको मातापिताको आर्थिक अवस्था र परिवेश के कस्तो थियो ?

→ बुवा समाजसेवी हुनुहुन्थ्यो । परिवार मध्यम वर्गीय थियो ।

६. तपाईले पढेका विद्यालय र विश्वविद्यालयहरु कुन-कुन हुन्?

→ मैले घर नजिकैको विद्यालयमा कक्षा तीन सम्म पढें । त्यसपछि घरबाट पन्ध्र मिनेट हिडेर जानुपर्ने रु.रु. प्रा.वि. रिडी बजारमा कक्षा चार पढे । कक्षा ६ देखि १० सम्म सस्कृत मा.वि रिडीमा पढे । त्यही स्कुलमा क्याम्पस खुलेर आइ.ए. र बी.ए. त्यही पढे । एम.ए त्रिचन्द्र कलेज काठमाडौं बाट गरे ।

७. लेखनको आरम्भ पहिलो प्रकाशित रचना कुन हो भनिदिनुहोस् त ।

→ मेरो साहित्यिक लेखनको आरम्भ वि.सं. २०५६ सालमा जन्म भूमिको सम्झना शीर्षकको कविता युग संवाद साप्ताहिक पत्रिकामा प्रकाशित भएपछि सुरु भएको हो ।

८. साहित्यका कुन कुन विधामा कलम चलाउनुहुन्छ ?

→ कविता, बालकथा, समालोचना, निबन्ध आदिमा लेखेको छु ।

९. यहाँको विचारमा जीवन र साहित्य के हो र यो कस्तो हुनुपर्छ?

→ जीवन खोलाजस्तै हो बगिरहन्छ, कुनै ढुङ्गामा ठोकियो भन्दैमा खोला रोकिदैन । जसरी खोला बगेको ठाउँमा डोब छोड्दै जान्छ, जीवन पनि त्यही हो, जुन ठाउँमा पुगिन्छ त्यो ठाउँमा केही न केही छाप छोड्न सकियोस् यो नै जीवन हो । साहित्य जीवनको अनुभव हो । त्यसलाई सिँगारपटार गरेपछि साहित्य बन्छ । जब जीवन चल्न छाड्छ त्यो दिन जीवनको पनि अन्त्य हुन्छ । साहित्य पनि जुन दिन लेख्न छोडिन्छ, त्यो दिन सकिन्छ । साहित्य सर्वसाधारणले पनि सजिलै बुझ्न सक्ने हुनुपर्छ ।

१०. तपाईको विवाह कहिले, कहाँ र कोसँग भयो?

→ मेरो विवाह वि.सं. २०५८ सालमा झापा जिल्लामा सविता भट्टराईसँग भयो ।

११. तपाईका छोराछोरी कति छन् र अहिले के गर्दैछन् ?

→ मेरा एक छोरी र एक छोरा छन् छोरी अहिले कक्षा आठमा पढ्दै छिन् र छोरा भर्खरै दुई कक्षामा पढ्दै छन् ।

१२. साहित्य लेखनका बाहेक अरु केही गर्नु हुन्छ कि?

→ पद्मकन्या क्याम्पसमा उप प्राध्यापक छु ।

१३. लेख्ने समय कसरी मिलाउनुहुन्छ?

— सुरु सुरुमा त लेख्ने समय मिलाउन सक्थें । अहिले त्यस्तो छैन । साहित्यिक लेख्न जस्तै, कविता, कथा, निबन्ध लेख्दा कुन विषयले छुन्छ त्यही बेला शीर्षक र बुँदा टिप्छु । अलिअलि समय मिलाउने प्रयास गर्छु । अस्तव्यस्त जीवनबाटै लेख्ने सङ्गति मिलाउन खोज्छु ।

१४. लेखेर के पाए जस्तो लाग्छ?

— लेख्दा एक किसिमको आनन्द वा भनौ सन्तुष्टि उत्पन्न हुन्छ । हल्का हुन्छ भारी बिसाएझै । लेखेको कुरा छापिदा र राम्रो प्रतिक्रिया आउँदा खुसी लाग्छ । नकारात्मक टिप्पणी भएपनि सुध्रना मौका पाइन्छ । खासगरी यस क्षेत्रका व्यक्तिले चिनेका छन् जस्तो लागेको छ ।

१५. अन्य केही भन्नै पर्ने कुराहरु छन् कि?

— मेरो बारेमा शोधपत्र तयार गर्न लाग्नुभएको छ । यो मेरो लागि खुसीको कुरा हो । आवश्यक परेको कुराहरु सोध्नुहोस् राम्रो र उत्कृष्ट शोधपत्र तयार गर्नका लागि मेरो शुभकामना ।